# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मालिका गाउँपालिका
## गुल्मी

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मालिका गाउँपालिका

## गुल्मी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मालिका गाउँपालिका

## गुल्मी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
लुम्बिनी प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ५९

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

मालिका गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

अर्खवाङ्ग, गुल्मी ।

१. **कैफियत सहितको राय –** हामीले मालिका गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रु. १ करोड २८ लाख ३१ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ३९ लाख ४५ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु. ३७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. २३ लाख ५ हजार र नियमित गर्नुपर्ने रु. ६५ लाख ४४ हजार समेत रु. ८८ लाख ८६ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म सम्परीक्षण पश्चात रु. ४ करोड ९१ लाख ८९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ५ करोड ८० लाख ७५ हजार रहेको

छ । **पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(घनश्याम पराजुली)

**नायब महालेखापरीक्षक**

मालिका गाउँपालिका,

गुल्मी,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६७ | ८१ | १२८३१ | ० | ६२ | ३९४५ | ६७ | १९ | ८८८६ | ३७ | ६५४४ | २३०५ | ० | ० | ८८४९ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गुल्मी | ५२९९२ | ० | ३८०३ | ४९१८९ | ० | ८८८६ | ५८०७५ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | २०७९।८० | २८.२ | प्रशासिनक भवन निर्माणः विजक पेश नभएको | ७,९८,९२५।- |
| २ | २०७९।८० | ३३.२ | जीविकोपार्जन सुधार कार्यक्रम | ६,३०,०००।- |
| ३ | २०७९।८० | ३५ | विद्यालयलाई सामान खरीद | ५०,०००।- |
| ४ | २०७९।८० | ३६ | व्यावसायीक ऋणको लागि अनुदान | १,०२,५४३।- |
| ५ | २०७९।८० | ४५ | पुर्वनिर्धारित क्षतिपूर्ति | २,९६०।- |
| ६ | २०७९।८० | ४९ | धरौटी फिर्ता | ६२,६३८।- |
| ७ | २०७९।८० | ५२.३ | सामाजिक सुरक्षाः लगत कट्टा | १,१६,५२४।- |
| ८ | २०७९।८० | ५४ | छात्रवृत्ति वितरण | ८,६००।- |
| ९ | २०७९।८० | ५५.१ | पाठ्यपुस्तक वितरण | ९७,००८।- |
| १० | २०७९।८० | ५६.३ | दिवा खाजा | १,३६,९५०।- |
| ११ | २०७९।८० | ५६.४ | दिवा खाजा | १८,७२,२५५।- |
| १२ | २०७९।८० | ६०.१ | शिक्षकको तलब भत्ता निकासा | ३५,०००।- |
| १३ | २०७९।८० | ६०.२ | शिक्षकको तलब भत्ता निकासा | १८,०००।- |

| | | | | |
|---|---|---|---|---|
| १४ | २०७९।८० | ६४ | प्रति विद्यार्थि लागतका आधारमा शिक्षण सिकाई | १३,५५०।- |
| | **चालु वर्षको जम्मा** | | | **३९,४४,९५३।-** |
| | **गत विगत वर्षतर्फको** | | | |
| | **२०७८।७९** | ३०.२ | वीमाको भुक्तानी - नियमित | १,२४,४२१।- |
| | | ३१ | लागत अनुमान - नियमित | ३६,४०,२३६।- |
| | | ३५.१ | आलेप बेरुजु - प्रमाण पेश | ३८,१००।- |
| | **गत विगतको जम्मा** | | | **३८,०२,७५७।-** |
| **कुल जम्मा** | | | | **७७,४७,७१०।-** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।२१ देखि २०८०।०५।२४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु. ५३०८००१००।-, राजश्वतर्फ रु. ७७७७०२३७।-, धरौटीतर्फ रु. १२३४८१८९।-, गरी जम्मा रु. ६९००५२६००।- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.१ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ९२५७८१९६, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.४१४५००, ) प्रशासकीय पुर्वाधार विकास कार्यक्रमको रु. ७००००००  र प्रदेश सरकारबाट प्राप्त अन्तरसरकारी अख्तियारी रु.१४८४९०२ समेत गरी रु.१०१४७७५९८ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.२ **फरक हिसाब —**यस पालिकालेसुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.४३४०७६६.५० , यस वर्षको प्राप्ति रु.१८०६७७३६४.९,र यस वर्षको भुक्तानी रु.१२३३०६१९८.३५फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | **३,८९,४२,२६३.५०** | **५०९३७५२३५.१** | **५३३८१४५६७.६५** | **३२९३१८३४** |
| एकीकृत आर्थिक विवरणअनुसार | ४३२८३०३० | ६९००५२६०० | ६५७१२०७६६ | ३२९३१८३४ |
| फरक | ४३४०७६६.५० | १८०६७७३६४.९ | १२३३०६१९८.३५ | ० |

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.३ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर) -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. ५२,८७,७११.८३।-, पुँजीगत खातामा रु. १,०६,८०,०८१।६९ र विभाज्यकोषमा रु समेत गरी रु.४७,०७,६९७.५ मौज्दात रहेकोमा २०८० साल साउन महिना १४ गतेमा संचित कोषमा ट्रान्सफर गरेको देखियो।

सैद्धान्तिक बेरुजु

## ३ बजेट तथा कार्यक्रम

३.१ **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.२ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.३ **बजेट पेश, पारित र अख्तियारी —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखलेमिति २०७९।०३।१० मा रु.५६ करोड ५६ लाखको बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०७९।०३।१७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९/०३/२७

मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३.४ **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७९÷८०को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाख देखि ५ लाख सम्मका | रु ५ लाख देखि १० लाखसम्मका | रु १० लाख भन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| १६ | २९ | ४४ | ७३ | ३१ | २०३ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. १ करोड ७६ लाख देखि ५० हजार सम्मका जम्मा २०३ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १६ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३.५ **लक्ष्य प्रगति :** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | | |
|---|---|---|---|---|---|---|
| | | **शून्य प्रगती** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** | ***७५ प्रतिशत भन्दा माथि*** |
| कार्यक्रम संख्या | ३९४ | २५ | ३ | ८ | १२ | ३४६ |

सैद्धान्तिक बेरुजु

३.६ **अबण्डा बजेट —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी

दफा ७१ बमोजिम बजेट पेश र पारित गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष पूँजीगत तर्फ रु. ५७ लाख ३५ हजार अबण्डा राखेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.७ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **मुख्यक्षेत्र** | **वार्षिकवजेट** | **खर्चरकम** | **कुलखर्चमध्येप्रतिशत** |
|---|---|---|---|
| आर्थिकविकास | २६९५८००० | १८९७४१९३ | ३.५७ |
| सामाजिकविकास | २४९०४४००० | २२६५४२५०८ | ४२.६७ |
| पूर्वाधारविकास | १७०६६९००० | १४४०६२१५४ | २७.१४ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १५६२३६०६ | १४३२७३७९ | २.७० |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १४५३१०३०५ | १२६९९८६१४ | २३.९२ |
| **जम्मा** | **६०७६०४९११** | **५३०९०४८४७** | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४२.६७ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धि क्षेत्रमा सबै भन्दा घटीमा २.७० प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

३.८ **वार्षिक खरिद योजना/गुरुयोजना :** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१८०७२७०९५ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । पालिकाले उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.९ **खर्च बिश्लेषणः** पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु ४९३३६१०।-राजस्व बाँडफाँड र अनुदानबाट रु ५२१५१३४९६।-समेत रु. ५२६४४७१०६।-आम्दानी भएकोमा चालु तर्फ रु ३५००७३००५र पूँजिगत तर्फ रु १८०७२७०९५ र समेत रु ५३०८००१०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.९३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ८२५९००० खर्च भएको छ जुन आन्तरिक आयको १६७.४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६ प्रतिशत चालु र ३४ प्रतिशतमात्र पूँजिगत

निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.१० **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथमत्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथोत्रैमासिक | असार महिना |
| १ | पूँजिगत खर्चतर्फ | १८७७२७०९५ | ५१९७६७ | २१८५५५१० | ५०११०३०६ | ११५२४१५१३ | ६९९८८३६४ |
| २ | प्रतिशत | ८३.९१ | ०.२७ | ११.६४ | २६.६९ | ६१.३८ | ३७.२८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.२२३७२४३४२ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ५१९७६७ (०.२७ प्रतिशत), दोस्रो त्रैमासिकमा रु २१८५५५१० (११.६४ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ५०११०३०६ (२६.६९ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ११५२४१५१३ (६१.३८ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ६९९८८३६४ (३७.२८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

**वजेट व्यवस्थापनतर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको,

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित नगरेको,

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने गरे नगरेको खरिद व्यवस्थापन तर्फ

**सार्वजनिक खरिद व्यवस्थापनतर्फ**

• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी नभएको ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको ।

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरे नगरेको, गरेको भए अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार नगरेको,

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकन नगरेको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख नराखेको

**शिक्षातर्फ**

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको ।

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):-कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको, • संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक नगरेको,

**विविध तर्फ**

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. गरेको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको ।

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी रहेको,

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**बेरुजु लगतः**

म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको

• म. ले. प. फाराम ८०१ — बेरुजु लगत
• म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन
• म. ले. प. फाराम ८०३ — बेरुजुको केन्द्रिय कार्यालयगत लगत
• म. ले. प. फाराम ८०४ — बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन
• म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख

अनुसार ती म. ले. प. फाराम अद्यावधिक नरहेकोले स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

**म.ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्दतिः**

• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखे नराखेको र अद्यावधिक भए नभएको
• म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको र अद्यावधिक नभएको
• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखे नराखेको र अद्यावधिक भए नभएको
• म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको र अद्यावधिक नभएको
• म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको,

• म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखे नराखेको

• म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राखे नराखेको

अतः स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## ५ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औंलाएका व्यहोराहरू अन्तिम लेखापरीक्षण हुनु अघि फस्यौंट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षणबाट औंलाएका व्यहोराहरू अन्तिम लेखापरीक्षण सम्म पनि फस्यौंट भएको पाइएन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षणबाट देखिएका कैफियत फस्यौंट गराइ आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ६ कर दस्तुर एवं आन्तरिक आय

६.१ **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५००००००।-प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु..४२,९६,१८९।- अर्थात अनुमान भन्दा १४ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

६.२ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४२७४८१९२७ | ४९३३६१०।- | १.१५% |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.१५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६.३ **कर तथा शुल्क असुली** -स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ३लाख | १८६५५४ | ६२.१८ |
| घरजग्गा वहाल कर | ५ लाख | ९७९५४२ | १९५ |
| व्यवसाय कर | २ लाख | १७२७५४ | ८६.३७ |
| वहाल विरौटी शुल्क | २० लाख | ६४०२१० | ३२.०१ |
| अन्य | ५ लाख | १७०२७८९ | ३४० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६.४ **स्थानीय तहरूको विभाज्य कोष —** प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६.५ **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६.६ **मनोरञ्जन कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७९।८० मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६.७ **व्यवसाय कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.९७९५४२।- कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छ्रन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ७ संगठन तथा कर्मचारी व्यवस्थापन

७.१ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४९ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महतवपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ३३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७.२ **कर्मचारी करार —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ३६ जना कर्मचारीहरु करारमा राखि रु.७८४७४९२।-खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा १२ जना करार नियुक्ति गरी तलव, चाडपर्व खर्च र पोशाक खर्च वापत बर्षभरीमा रु.३६८६७२०।-भुक्तानी गरेको अनियमित दिखएको रु.

| अनियमित भएको | ३६,८६,७२० |
|---|---|

## ८ वडा सचिवको पदपूर्ति

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ८ | ८ | २ | ६ |

| सैद्धान्तिक बेरुजु |
|---|

९ **पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु ८२५९००० सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष.८ जना | कार्यपालिका सदस्य ६जना | सभाका सदस्य २७ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | यातायात खर्च | - | - | ९६०००० | ४३२००० | ९७२००० | २३६४००० |
| २ | टेलिफोन,मोबाइल | ४२००० | ३६००० | २८८००० | २१६००० | ८१०००० | १३९२००० |
| ३ | पुस्तक,पत्रिका, ईन्टरनेट | ४८००० | ४८००० | २८८००० | २१६००० | ६४८००० | १२४८००० |
| ४ | समन्वय तथा सहजीकरण | १२०००० | ९६००० | ५७६००० | ३६०००० | ९७२००० | २१२४००० |
| ५ | अतिथि सत्कार | ७२००० | ६०००० | ३८४००० | - | - | ५१६००० |
| ६ | चाडपर्व खर्च | १५००० | १५००० | ९६००० | ६०००० | १८९००० | ३७५००० |
| ७ | खानेपानी तथा सरसफाराई | ६०००० | ६०००० | - | - | - | १२०००० |
| ८ | मर्मत संभार र विद्युत / उर्जा | ६०००० | ६०००० | - | - | | १२०००० |
| ९ | जम्मा | ४१७००० | ३७५००० | २५९२००० | १२८४००० | ३५९१००० | ८२५९००० |

| सैद्धान्तिक बेरुजु |
|---|

१० **कानून निर्माण एवं कार्यान्वयन**

१०.१ **कानून र सञ्चालन स्थिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २१ वटा ऐन, ६ वटा नियमावली, ५८ कार्यविधि लगायत ८५ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले... वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१०.२ **न्यायिक समिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो वर्ष थप भएको ११ गरी कुल ११ विवाद दर्ता भएकोमा १० वटा मात्र फस्यौट भई १ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ११ सवारीसाधन खरिद

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ३ थान दुई पांङ्ग्रे सवारी साधन खरिदमा रु.८५५२००।-, तथा १ थान चार पांग्रे सवारी साधन खरिदमा रु.३११८०००।- बजेटबाट खर्च गरेको छ । पालिकाले आवश्यकताको आधारमा मात्रै खरीद गर्नुपर्ने देखिन्छ ।

| सि.नं | सवारी साधन | संख्या | रकम |
|---|---|---|---|
| १ | जीप | १ | ३११८००० |
| २ | दुइपांग्रे | ३ | ८५५२०० |
| | जम्मा | | |

सैद्धान्तिक बेरुजु

## १२ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी,

जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.१४८८०००।-आर्थिक सहायता वितरण गरेका छन् । पालिकाको आन्तरीक आम्दानी कम देखिएको अवस्थामा यस्तो खर्च रकम समेत नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **खाना तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष चियापान, अतिथी सत्कार तथा भैपरी आउनेमा रु. ९,०६,४३५।-खर्च गरेको छ । पालिकाको आन्तरीक आम्दानी कम देखिएको अवस्थामा यस्तो भैपरी आउने खर्च रकम समेत नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **कार्य सम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

१७ **डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क्रसं. | कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | अध्ययनबाट निर्धारण भएका आयोजनाको लागत |
|---|---|---|---|---|---|
| १ | जग्गा वर्गिकरण सम्बन्धी अध्ययन कार्य | जियो इन्जिनियरिङ्ग कन्सल्टेन्सी, प्रा.लि. काठमाण्डौ | १५,००,००० | १४८०००० | १४९८२५५ |
| २ | गाउँपालिकाको पञ्चवर्षिय आवधिक योजना निर्माण कार्य | सिद्धार्थइन्स्टिच्युट अफ रिसर्च एण्ड कन्सल्टेन्सी सर्भिसेज प्रा.लि., रुपन्देही | १०,००,००० | ९९,६०,९५ | - |
| ३ | Preperation of DPR of Fulbari-Chisapani-Nistikhola-Deurali-Bhimgithe Road | Eagles Solution, Kathmandu | २०,००,००० | १७९१०५० | १९८५५९९ |
| ४ | DPR for Construction of Dakshumare Hula Simaltari Road | Advance Creative Group Engineering Pvt/ Ltd. Kathmandu | ६७९००० | ६२३७६० | ६७९००० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

१८ **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले १ केन्द्रिकृत सीफारीस तथा दर्ता चलानी सफ्टवेयर रु.४,५२,०००।-खरिद गरेको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## १९ सेवा प्रवाह विवरण

१९.१ **सेवाप्रवाहको स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | छैन |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ७०० |
| मृत्युदर्ता | २०६ |
| बसाईसराई दर्ता | १०८ |
| विवाह दर्ता | ३०९ |
| सम्बन्धविच्छेद दर्ता | २३ |
| **पूर्वाधार विकास सडक निर्माण** | - |
| कालोपत्रे सडक निर्माण | १०२ मि. |
| कालोपत्रे सडक मर्मत | - |
| ग्राभेल सडक निर्माण | ५ मि. |
| ग्राभेल सडक मर्मत | - |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

सैद्धान्तिक बेरुजु

१९.२ **फोहरमैला व्यवस्थापन —** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## २० कन्टिन्जेन्सी खर्चको अभिलेख

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७९/८० मा कन्टीन्जेन्सी बापत रु.५२,५२,४०२।- कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राखे गरेको छैन । सो सम्वन्धामा सुधार गर्नुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## २१ गुणस्तर परीक्षण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## २२ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारदर्शिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## २३ खरिद कारवाही अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नुपर्ने र उपनियम (२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सो सँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ । नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## २४ हेभी इक्विपमेण्टको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** | **प्रयोग गरेको हेभी उपकरण** | **हेभी उपकरणमा भएको खर्च** |
|---|---|---|---|---|---|
| ८०/०८/११/२०७९ | ठुलोभिरसिर्कना मो.वा. उ.स. | बाटोनयाँ कटीङ्ग | ६१४७७५ | डोजर | ६१४७७५ |
| १५७/१४/०१/२०८० | गोफ्लेगैराखेल मैदान निर्माण उ.स | मो.वा.स्तरोन्नती | १६०४१ | एक्साभेटर | १६०४१ |
| ९४/१५/११/२०७९ | च्यानडाँडापोखरीडाडा भकिम्ले बाघखोर मो.बा.उ.स. | बाटो नयाँकटीङ्ग | ४७२६३७ | एक्साभेटर | ४७२६३७ |
| १८२/०८/०२/२०८० | टोटेपाल्लाधारपानी मो.बा उ.स | बाटो नयाँकटीङ्ग | ९४५८१० | एक्साभेटर | ९४५८१० |
| १८४/१०/०२/२०८० | आरुपाटानिस्तीखोला मो.वा. उ.स. | बाटो नयाँकटीङ्ग | ४३२७६०.२८ | डोजर | ४३२७६०.२८ |
| १९०/०२/१०/२०८० | बनेखोलाबालुवा मो.बा उ.स | बाटो नयाँकटीङ्ग | ४९२४७.६८ | एक्साभेटर | ४९२४७.६८ |
| १७२/१४/०१/२०८० | छोटिखोलारोकेना मो.बा उ.स | बाटो नयाँकटीङ्ग | १४१८७७.६८ | एक्साभेटर | १४१८७७.६८ |
| १०५/२६/११/२०७९ | टोपेटारीआपचौर कटाहा मो.वा. उ.स. | बाटो नयाँकटीङ्ग | १८९०९९.५६ | एक्साभेटर | १८९०९९.५६ |
| २४३/०३/०३/२०८० | व्यथला राईचुईडाडा हुदै मालिका मो.वा. उ.स | बाटो नयाँकटीङ्ग | ४७२९०५ | एक्साभेटर | ४७२९०५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९१/१५/११/२०७९ | धाडिम भेडिखोरव्यहोरे मो.वा. उ.स. | बाटो नयाँकटीङ्ग | १८९१३५ | एक्साभेटर | १८९१३५ |
| ८०/०८/११/२०७९ | ठुलोभिरसिर्कना मो.वा. उ.स. | बाटोनयाँ कटीङ्ग | ६१४७७५ | एक्साभेटर | ६१४७७५ |
| २०५।०८०।२।२२ | स्वामिकारुख गापखोला काउले खोला मो.बाटो उ.स. | मोटर बाटो मर्मत | ११५००० | एक्साभेटर | ५६८८४.२० |
| २०४।०८०।२।२१ | गौरिकापोखरा सिम आरसिंङ्गे मो.बाटो उ.स. | मोटर बाटो निर्माण | १५१४२९।९८ | एक्साभेटर | १४००४० |
| १७३।०८०।२।७ | पैराखोला डाँडाखेत मो.बाटो | मोटर बाटो निर्माण | १४०७८४ | एक्साभेटर | १०३६२१ |
| | जम्मा | | | | ४४३९६०८.४० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२५ **नन्फाइलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले न्यु लिजा निर्माण सेवा प्रा.लि.रोल्पा-४ निर्माणकार्य वापत बिजक रकम रु. १५५१०७४।६२ को (मुल्य अभिवृद्दि कर रु.२०१६३९।७०) समेत भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि कर विवरण नबुझाई तथा कर चुक्ता नगरी नन्फाईलर रहेको पाइयो। कानूनी व्यवस्था अनुसार विवरण नबुझाएको तथा कर चुक्ता प्रमाणपत्र नलिएकोले रु.१४११४८।-मुल्य अभिवृद्दि कर (७०%) समायोजन भएको प्रमाण पेश हुनुपर्ने अन्यथा अशुल हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४१,१४८ |

२६ **वीमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ ।पालिकाले तपशिल बमोजिमका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको, कम अवधिको विमा गराएको, विमांक रकम कम गराएको तथा तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण म्याद थप गरी निर्माण कार्य भइरहेको एवं कतिपय ठेक्काको निर्माण कार्य सम्पन्न भइ त्रुटी सच्याउने अवधि रहेकोले उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ एवं कम अविधको विमा गराइ नियमावलीले गरेको व्यवस्था विपरीत

खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ त्रुटी सच्याउने अवधि सम्मको वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| **ठेक्का नं** | **निर्माण व्यवसायी** | **सम्झौता रकम** | **विमांक रकम** | **कैफियत** |
|---|---|---|---|---|
| नेटा डालिङ वाङदी गंगरे सडक (ठेक्का नं-०१।०७९।८०) | विष्णु देवी निर्माण सेवा सुनवल | १०२८३६४०।३१ | विमा नगरेको | त्रुटी सच्याउने अवधि बाँकी रहेको |
| प्रशासनिक भवन निर्माण (ठेक्का नं-०५।०७९।८०) | बिकोई श्रेष्ठ सुनिल समिर जेभि | ७६७१८२२४।३९ | ८९२२५९५८।०५ | कम अवधिको विमांक गराएको |

| | |
|---|---|
| सैद्धान्तिक बेरुजु | |

**२७ ठेक्का अभिलेख**

सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मानिर्माण ठेक्का कार्यको अभिलेखांकनका लागि महालेखापरीक्षकबाट स्वीकृत म.ले.प.फा.नं.५०७ अनुसारको ढाँचामा अभिलेख राख्नुपर्ने व्यवस्था छ । उक्त अभिलेखबाट गर्नुपर्ने कूल काम, हालसम्म भएको काम तथा बांकी कामको अवस्था, कार्यसम्पादन जमानत, पेश्की लिन पेश गरेको बैक जमानतको मान्य अवधिको अवस्था, खरिद सम्झौताको म्याद थपको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतको जानकारी देखिने गरी अभिलेख तयार गरी अद्यावधिक गर्नुपर्नेमा यस कार्यालयले सो अनुसारको अभिलेख राखेको पाइएन । अतः स्वीकृत ढांचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख तयार गरी अद्यावधिक राख्नुपर्ने देखिन्छ।

| | |
|---|---|
| सैद्धान्तिक बेरुजु | |

**२८ प्रशासिनक भवन निर्माण**

२८.१ गाँउपालिकाले वडा नं. ४ अर्खाबाङमा पालिकाको प्रशासनिक भवन निर्माणको लागि रु.९९०३५६३२।५४ को लागत अनुमान तयार गरि निर्माण व्यबसायी विकोई श्रेष्ठ सुनिल समिर जेभी गुल्मीसँग मिति २०८०।५।२१ भित्र निर्माण कार्य सक्ने गरी २०७८।०५।१ मा रु.७६७१८२२४।३९ को सम्झौता गरेकोमा शुरु तोकिएको मितिमा निर्माण कार्य सम्पन्न हुन नसकि मिति २०८०।४।१४ को कार्यपालिकाको निर्णयानुसार २०८१।२।१ सम्म निर्माण कार्यको म्याद थप गरेको छ । हाल सम्म चौथो रनिङ विलसम्म रु.२३६११२०५।७६ भुक्तानी भएको छ । म्याद थप गरेको समयावधि भित्र निर्माण कार्य सम्पन्न गर्नको लागि पालिकाले पहल गर्नु पर्दछ ।

| | |
|---|---|
| सैद्धान्तिक बेरुजु | |

**२८.२ विजक पेश नभएको**

*५.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. ७,९८,९२५।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२९ **अतिथि गृह निर्माण**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ मा पालिकाले स्थायी भौतिक संरचना निर्माणमा गर्दा जग्गाको स्वामित्व पालिकाको नाममा भएमा मात्र स्थायी संरचना निर्माण गर्नु पर्ने व्यबस्था रहेको छ । पालिकाले वडा नं. ४ मा २४७० बर्ग फिट क्षेत्रफलमा साढे दुई तले अतिथि गृह भवन निर्माणको लागि रु.५३७०४७२।- को लागत अनुमान तयार गरी मिति २०७९।५।१० मा श्री गोपाल केसीको अध्यक्षतामा गठीत उपभोक्ता समितिसंग मिति २०८०।२।२० भित्र निर्माण कार्य सक्ने गरि २०७९।५।३१ मा पालिकाको योगदान रु.४८०००००।-उपभोक्ता समितिको रु.५७०४७२।-रहने गरी रु.५३७०४७२।-को सम्झौता गरी रु.४८४००३७।५३ मा निर्माण कार्य सम्पन्न गरेको छ । यस सम्बन्धि अन्य ब्यहोरा निम्न छन् -

२९.१ **निर्माण कार्य अधुरो रहेको-** सार्वजनिक खरिद ऐन,२०६४ को नियम ३१ मा विस लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य बोलपत्रको माध्यमद्वारा र सोही नियमावलीको नियम ८४ मा विस लाख सम्म लागत अनुमान भएको निर्माण कार्य शिलबन्दी दरभाउपत्रको माध्यमद्वारा गर्नु पर्ने व्यबस्था रहेको छ । पालिकाले अतिथि गृह निर्माणको लागि रु. ५३७०४७२।-को लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता गरी रु.४८४००३७।५० को मात्र निर्माण कार्य सम्पन्न गरेको छ । प्रतिस्पर्धाको माध्यमद्वारा गर्नु पर्ने कामलाई प्रतिस्पर्धालाई सिमित हुने गरी निर्माण गर्नु नियमसम्मत देखिदैन। हाल उक्त भवनको ईटाको गारो, प्लाष्टर पेन्ट, झ्याल ढोका ईलेक्ट्रोनिक्स आईटम लगायतको रु.५३०४३५।- मुल्य बराबरको निर्माण कार्य सम्पन्न गर्न बाँकि रहेकोले सो कार्य सम्पन्न गरी अतिथि गृह भवन सञ्चालनमा ल्याउनु पर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,३०,४३५ |

२९.२ **जग्गाको स्वामित्व –**निर्माण भएको भौतिक संरचना संरक्षणको लागि पालिकाको नाममा रहेको अथवा सरकारी स्वामित्व भएको जग्गामा भवन निर्माण गर्नु पर्नेमा हाल सम्म पनि निर्माण गरिएको भवनको जग्गा पालिकाको नाममा नरहेकोलेपालिकाबाट निर्माण गरिएको अतिथि गृह भवनको जग्गाको स्वामित्व यथाशिघ्र गाउँपालिकाको स्वामित्वमा ल्याउनको लागि सम्बन्धित निकायबाट पहल हुनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३० **बढी भुक्तानी**

सार्बजनिक खरिद नियमावली,२०६४ को नियम ९६ मा सम्झौता बमोजिमको निर्माण कार्यको रकम भुक्तानी गर्नु पर्ने व्यबस्था रहेको छ ।पालिकाले १८२।०८०।२।८ बाट टोटे पात्ला घोरापानी मोटरबाटो उपभोक्ता समिति मालिका-७ लाई सडक निर्माण वापत खर्च भएको रु.१०६७४९५।- मध्ये सम्झौता बमोजिम उपभोक्ताले व्यहोर्ने १०.६० प्रतिशतले रु.११३१५५।- कटाई बाँकी पालिकाबाट रु.९५४३४०।- भुक्तानी हुनु पर्नेमा रु.९६००००।- भुक्तानी गरेकोले अनुपातिक कट्टी रु.५६६०।- नगरेकोले बढी भुक्तानी भएको अशुल हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,६६० |

३१ **पशु विमा**

भैसी प्रवर्दन कार्यक्रम अन्तर्गत सञ्चालित वितरण गरिएका पशुको जोखिम न्यूनिकरणको लागि पशुको विमा गर्नु पर्ने व्यबस्था रहेको छ । पालिकाले ३१।०८०।३।२१ बाट भैंसी प्रबर्दन कार्यक्रम र बाख्रा प्रबर्द्दन कार्यक्रम अन्तर्गत देहाय बमोजिम रु. १९८१०००।-मध्ये पचास प्रतिशत अनुदान रु.९८५५००।-उपलब्ध गराएकोमा वितरण गरिएका भैंसी र

बोकाको विमा गरेको पाईएन ।साथै वितरण गरिएको भैंसीको विमा नगरेको कारणले लगानी जोखिममा रहेको छ । समितिले जोखिम न्यूनिकरणको लागि आधिकारीक ईन्स्योरेन्स कम्पनिबाट पशु विमा गराउनु पर्दछ ।

| **भौ.नं.।मिति** | **समुहको नाम** | **पशुको विवरण** | **खरिद रकम** | **अनुदान रकम** |
|---|---|---|---|---|
| ३१।०८०।३।२१ | मर्भुङ्ग पशुपालन समिति मालिका-८ | मुर्रा क्रस भैसी ५ वटा | ८०५००० | ४०२५०० |
| ३६।०८०।३।२२ | छापहिले बाख्रा पालन | बाख्रा वितरण | ४०५००० | २००००० |
| ,, | मेहाले पशु पालन समिति | बाख्रा वितरण | ४०५००० | २००००० |
| ४।०८०।३।८ | छापहिले बाख्रा पालन | बोका वितरण ३ वटा | ९०००० | ४५००० |
| | मनकामनाःकृषि तथा पशुपालन समिति | बोका वितरण ३ वटा | ९०००० | ४५००० |
| | नेटा पशुपालन कृषक समिति | बोका वितरण ३ वटा | ९०००० | ४५००० |
| | मेहाले पशु पालन समिति | बोका वितरण ३ वटा | ९६००० | ४८००० |
| **जम्मा** | | | | **९८५५००** |

सैद्धान्तिक बेरुजु

३२ **प्राकृतिक श्रोत उत्खनन कार्ययोजना**

लुम्बिनी प्रदेश नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ४ अनुसार प्रत्येक स्थानीय तहले उत्खनन र सङ्कलन गर्न हुने र नहुने क्षेत्र, नदीजन्य पदार्थ उपलब्ध हुने नदी, खोला, खोल्सी, खहरे तथा नदी उकासक्षेत्रको विवरण र उपलब्ध हुनसक्ने अनुमानित वार्षिक परिमाण, पूर्वाधार निर्माणको लागि चाहिने परिमाण र स्रोतको उपलब्धता, भण्डारण वा घाटगद्दी स्थल, बिक्री वितरणको प्रक्रिया, सङ्कलनको विधी र प्रयोग हुने मेशिनरी औजार, प्राप्त हुने अनुमानित आम्दानी लगायतका बिषयहरु समावेश गरी नदीजन्य पदार्थ उत्खनन, सङ्कलन घाटगद्दी र बिक्री वितरण सम्बन्धी कार्ययोजना बनाउनु पर्ने उल्लेख छ। कार्यालयले यस बर्ष नदिजन्य पदार्थ उत्खनन गरी रु.१९६७९०।-आय प्राप्त गरेकोमा ऐनले निर्धारण गरे बमोजिमको कार्ययोजना तयार गरेको पाइएन। समयमा नै कार्ययोजना तयार गरी वातावरणीय अध्ययन प्रतिवेदन अनुसारको परिमाणमा नदिजन्य पदार्थको उत्खनन,घाटगद्दि र निकासी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **जीविकोपार्जन सुधार कार्यक्रम**

३३.१ महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ६ र ७ मा महिलाको जिवनस्तरमा सुधार ल्याउनको लागि कार्यक्रम संचालन गर्न राष्ट्रिय रुपमा १५ दिनको सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गरिने, महिला मात्र सङगठित भई क्रियाशिल रहेको संस्थाहरू कार्यक्रममा संहभागी गराउने, सहकारी ऐनका संघ संस्था दर्ता ऐन अनुसार दर्ता भई क्रियाशील भएको हुनुपर्ने, कृषिक्षेत्र, गैरकृषिक्षेत्र, वनपैदावर, पर्यटन व्यवसाय जस्ता क्षेत्रमा' अनुभव प्राप्त इच्छुक महिला संस्थाले प्रस्ताव पेश गर्नसक्ने तथा विपन्न महिलाको आर्थिक उत्थान हुने गरी व्यावसायिक संभाव्यता अध्ययनको प्रतिवेदन सहितको प्रस्ताव पेश गर्नुपर्ने उल्लेख छ। पालिकाले सूचना आव्हान गरेकोमा कुनै पनि संस्थाको प्रस्ताव नपरेको जनाई कार्यपालिकाको २०८०।३।४ को निर्णय वमोजिम पालिकाको जनशक्तिबाट नै सो कार्यक्रम संचालन गरेको छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३३.२ *✂.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. ६,३०,०००।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३४ **प्राविधिक बील र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बीलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बीलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बील बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३५ **विद्यालयलाई सामान खरीद**

*✂.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. ५०,०००।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३६ **व्यावसायीक ऋणको लागि अनुदान**

*✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. १,०२,५४३।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३७ **पाम्सको प्रयोग**

नेपाल सरकार मन्त्रीपरीषद्को २०७७/७/२० को निर्णय अनुसार सबै तहको सरकारी कार्यालयहरूको सार्वजनिक सम्पत्तीको लेखाङ्कन, प्रतिवेदन र एकिकृत विवरण तयार गर्न संघ र प्रदेशका सवै सरकारी कार्यालयहरू एवं सवै स्थानीय तहमा सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (Public Asset Management System-PAMS) आर्थिक वर्ष २०७७/७८ देखि अनिवार्य रूपमा लागू गरेको छ । पालिकाले यो आर्थिक वर्षमा स्वास्थ्य तथा शिक्षातर्फ खरीद गरेको औषधि, मेडिकल सामानहरु र उपकरण पालिकाको केन्द्रिय जिन्सि खाता अन्तर्गत PAMS मा दाखिला गरेको छैन । साथै मर्मत तर्फको सामानहरू समेत पाम्समा रेकर्ड अद्यावधिक नगरेको कारण कुन कुन सामान कुन मेशिन औजारको मर्मतमा प्रयोग भएको हो यकिन हुन सकिने अवस्था रहेन, अतः सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **स्मार्ट कृषि**

स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ अनुसार लुम्विनी प्रदेश अन्तर्गत मौलिक पहिचान भएका कृषि वस्तु तथा सेवाको उत्पादन तथा प्रवर्द्धन आधुनिक र समयसापेक्ष तरीकाबाट गर्न प्रदेश सरकारले निजी, कृषक समूह तथा सहकारी, स्थानीय तह, शैक्षिक तथा अनुसन्धान संस्था लगायतको सहकार्यमा कार्यक्रम सञ्चालन गर्न प्रत्येक निर्वाचन क्षेत्रको कम्तिमा एक स्थानमा दिगो कार्यक्रम सञ्चालन गरी रोजगारी सृजना गर्दै कृषकको आयस्तर वृद्धिका साथै खाद्य सुरक्षामा सुधार गर्न स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ । पालिकामा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट स्मार्ट कृषिको लागि अनुदान प्राप्त गरेकोले कृषकको योगदानको अंश मध्ये तेस्रो बर्ष (२०७९।०८०) मा कूल लागत रु.३००००००।—मध्ये रु.१८०००००।—केन्द्रले, रु.९०००००।—पालिकाले र रु.३०००००।—कृषकको योगदान रहने गरी सम्झौता गरेको छ सो सम्वन्धी देखिएको विवरण निम्नानुसार छन् ।

पालिका र कृषक बिच २०८०।३।१० सम्ममा कार्यसम्पन्न गर्नेगरी २०८०।२।१० मा सम्झौता गरेको पाईयो । प्रथम बर्षको सम्झौता वमोजिम सो कार्यक्रम तेस्रो त्रैमासिकमा सम्पन्न हुनुपर्नेमा चौंथो बर्षमा मात्रै सम्पन्न गरेको जनाई २०८०।३।२४ बाट रु.६५६०००।—भुक्तानी दिएको छ । सम्झौता अनुसार कृषकले रु.३००००००।—को कार्य गर्नुपर्नेमा रु.२५३९४३०।—को मात्र कार्य गरेको छ । सम्झौता अनुसार कृषकले कार्य गरे नगरेको तथा अनुदानको सहि सदुपयोगको स्थिती तथा सदुपयोग समेतमा पालिकाले ध्यानदिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३९ **सिमलटारी अर्खवाङ्ग सडक**

सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गरिने उल्लेख छ । पालिकाले उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाकोकार्यसम्पादन पश्चातको भुक्तानी गर्दा उपभोक्ता समितिहरूले खरीद गरेको सामाग्रीहरुको परीमाण वरावरको खपत भएको छ कि छैन सोको समेत मूल्याङ्कन गर्नुपर्नेमा प्राविधिक विलको आधारमा मात्रै भुक्तानी दिएको पाईयो । पालिकाले सिमलटारी अर्खवाङ्ग सडकमा सम्झौता अनुसारको कार्य सम्पन्न भएको जनाई रु.१८३४११७।४० को विल पेश गरेकोमा गो.भौ.२५४।०८०।३।८ बाट रु.१७०००००।—भुक्तानी दिएको छ । पालिकालेसडकको नर्मस अनुसार सो कार्यको लागि रु.३०४६४३।—मात्र ज्यामी ज्यालामा खर्च लेख्न पाउनेमा रु.६५११२५।—को डोर हाँजिरी पेश गरेको आधारमा भुक्तानी दिएको छ । यसरी नर्म्स

भन्दा रु.३४६४८२।—बढी विलको आधारमा भुक्तानी दिएको पाईएकोले सोको पालिका योगदान वापतको रकम रु.३११८३४।—नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,११,८३४ |

४० **आलु पकेट विकास कार्यक्रम**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल,२०७७ को परिच्छेद—४ को ४.१.४ मापकेट विकास कार्यक्रममा सहभागि हुनको लागि नियमानुसार दर्ता भएका कृषक समुह वा उपभोक्ता समितिहरुबाट प्राप्त निवेदनहरु मध्येबाट अनूसूचि ९ मा उल्लेखित मापदण्ड पुरा गरेका मध्येबाट प्राथमिकताको आधारमा कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ । साथै पकेट विकास कार्यक्रममा सहभागि हुनको लागि पहाडमा खाद्यान्न वालीको लागि न्यूनतम २० हेक्टर, आलु तरकारी वालीको लागि ७ र फलफूलको लागि ७ हेक्टर हुनुपर्ने उल्लेख छ । पालीकालाई यस बर्ष तरकारी आलु विकास कार्यक्रम संचालनको लागि रु.१२०००००।—रकम विनियोजन भएकोमा सो सम्वन्धी विवरण निम्नानुसार छन् ।

४०.१ पालिकाले आलु पकेट विकास कार्यक्रम संचालनको लागि प्रस्ताव मागको सूचना आव्हान गरेको पाईएकोमा एक मात्रै प्रस्ताव पेश हुन आएको जनाई २०७९।११।११ को निर्णयबाट नयाँ आलुवाली पकेट विकास कार्यक्रम संचालन उपभोक्ता समिति, वडा नं-१, २, ३, ४, ५ लाई छनौट गरी कार्यक्रम दिने निर्णय गरेको छ । यसरी क्षेत्रफल मात्र पुर्याउने उदेश्यले पाँच वटा वडाहरुका कृषकलाई समेटेर कार्यक्रम संचालनमा ल्याएकोमा समेत कुन कुन कृषकले के कति जमिनको कुन कित्तामा खेति गर्ने हो सो समेत खुलेको छैन । पालिकाले पर्याप्त समय दिई पुनः प्रस्ताव माग नगरेको कारण सूचना अभावको कारण कृषकहरु सो सेवाबाट वञ्चित हुनु परेको अवस्था देखियो, अतः समयमा र पर्याप्त समय दिई सूचना प्रकासन गरी प्राप्त प्रस्तावबाट छनौट गरी कार्यक्रम संचालन हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४०.२ आलु पकेट विकास कार्यक्रम संचालनको निर्देशिका अनुसार उल्लेखित ७ हेक्टर जमिनको मापदण्ड पुगेको कृषक समुहलाई मात्रै छनौट गर्नुपर्नेमा पालिकाले नयाँ आलुवाली पकेट विकास कार्यक्रम संचालन उपभोक्ता समिति२५ जना कृषकले पेश गरेको निर्देशिकाले तोकेको मापदण्डको भन्दा न्युन क्षेत्रफल देखिएको तथा खेतिको लागि कित्ता नम्वर समेत नखुलेको जग्गाधनी प्रमाणपूर्जा पेश गरेको आधारमा छनौट गरेको पाईयो । यसरी मापदण्ड पुरा नगरेको अवस्थामा समेत पालिकाले निज समुहसँग सम्झौता गरी रु.२३६२०००।—को कार्य भएको जनाई पालिकाले गोःभौ.१६७।०८०।३।२१ बाट रु.१२०००००।—भुक्तानी दिएको छ । यसरी मापदण्ड पुरा नगरेको अवस्थामा समेत अनुदान दिएको रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | १२,००,००० |

४०.३ उल्लेखित समूहले पेश गरेको कार्यको रु.२३६२०००।—को मूल्याङ्कन भएकोमा पालिकाको योगदान हुने रु.११८१०००।—सो समुहलाई भुक्तानी दिनुपर्नेमा पालिकाले गोःभौ.१६७।०८०।३।२१ बाट रु.१२०००००।—भुक्तानी दिएको छ । यसरी वास्तविक कार्यभन्दा बढि भुक्तानी भएको रकम रु.१९०००।-सम्वन्धितबाट असूल हुनुपर्दछ, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,००० |

४०.४ कृषकले सम्झौता अनुसारको मिनि टिलर (७HP) खरीद गरेकोजनाई विल पेश गरेको आधारमा प्रति पिस रु.६०००० ।— का दरले १५ पिस, Seeling Rider प्रति पिस रु.४००० ।—ले ५ वटा, आलुको विऊ २०६ कुईण्टल खरीद गरेको विल पेश गरी पालिकाको योगदान बराबरको रकम भुक्तानी लिएको छ । तर कृषकले सो समुहका सदस्य मध्ये कुन कुनलाई यस बर्षको कार्यक्रमबाट वितरण गर्ने हो सो निर्णय पेश गरेको छैन । समुह भित्रको पारदर्शिता तथा सफल कार्यक्रम संचालनको लागि पालिकाले नियमित अनुगमन समेत गर्नुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४१ **कार्यालय संचालन खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३० मा ऐन बमोजिम राख्नुपर्ने लेखा ठीकसंग नराखेको कारणबाट कुनै हानी नोक्सानी भएमा त्यसरी हानी नोक्सानी भएको रकम जिम्मेवार व्यक्तिबाट असुल गर्ने व्यवस्था छ । धारा, पानी, टेलीफोन, विजुली जस्ता कार्यालय सञ्चालन खर्चहरु तोकिएको अवधिमा छुट समेत प्राप्त गर्न सक्ने अवधिमा भुक्तानी गर्नुपर्ने हुन्छ । लेखापरीक्षको क्रममा परीक्षण गर्दा गो.भौ.नं. ४३१ मिति २०८०।०२।२३ मा विद्युत महशुल वापत रु. २९,०४५।- भुक्तानी गर्दा जरिवाना रकम रु. ८,८८५।- जरिवाना समेत भुक्तानी गरी कार्यालयको दायित्व थप गरेको देखियो । समयमा महशुल बुझाउन नसक्दा जरिवाना सहित भुक्तानी गरेकोले अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८,८८५ |

४२ **शीर्षक फरक पारी खर्च**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तदायि ऐन २०७६ को दफा १८ मा स्वीकृत बजेट बमोजिम खर्च गर्ने व्यवस्था गरेको छ। साथै एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (दोस्रो परिमार्जन) अनुसार कार्यालयले सम्बन्धित खर्च शीर्षकमा मात्र खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले निम्नानुसारको खर्च गरेकोमा जुन शिर्षकवाट खर्च लेख्नुपर्ने हो सो नगरी फरक शिर्षकवाट खर्च लेखि भुक्तानी गरेको देखिन्छ । कार्यालयले कार्यपालिकाको निर्णयबाट एकमुष्ट रकमान्तर गरेको जनाएता पनि शीर्षकगत रकमान्तर गरेको देखिएन । यसरी नियम विपरीत खर्च लेखी भुक्तानी गरेकोले अनियमित भएको रु.

| **गो.भौ.नं./मिति** | **खर्चको विवरण** | **हुनुपर्ने खर्च शिर्षक** | **भएको खर्च शिर्षक** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| ४३९।२०८०।०२।२३ | Digital Concrete Test Machine खरिद | मेशिनरी तथा औजार (३११२२) | मसलन्द तथा कार्यालय सामाग्री (२२३११) | १५८२०० |
| ४८३।२०८०।०३।११ | डेक्सटप, प्रिन्टर खरिद | मेशिनरी तथा औजार (३११२२) | अन्य कार्यालय संचालन खर्च (२२३१९) | ८५३१५ |
| **जम्मा** | | | | **२४३५१५** |

| | |
|---|---|
| अनियमित भएको | २,४३,५१५ |

४३ **शुभकामना सन्देश तथा क्यालेण्डर छपाई**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को प्रकरण ६(२) मा सरकारी खर्चमा शुभकामना कार्ड छपाई गर्न तथा शुभकामना सन्देश प्रकाशन वा प्रसारण गर्न नपाइने तथा सूचना तथा प्रसारण विभाग बाहेक अन्य सरकारी निकायले क्यालेण्डर र डायरी छपाई गर्न नपाउने व्यवस्था रहेको छ । कार्यालयले विभिन्न संघ संस्थाहरूलाई शुभकामना सन्देश तथा क्यालेण्डर छपाई वापतको रकम भुक्तानी गरेको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । यसका केही उदाहरणहरू देहाय बमोजिम छन् ।

| **गो.भौ.नं.।मिति** | **भुक्तानी पाउने** | **रकम** |
|---|---|---|
| ३५९।२०८०।०१।१२ | श्री द सनराइज युथ क्लब | १०००० |
| ३५९।२०८०।०१।१२ | गुल्मेली अधिकृत समाज | १०००० |
| ३५९।२०८०।०१।१२ | नेपाल निजामती कर्मचारी युनियन | १०००० |
| ३५९।२०८०।०१।१२ | साझा विचार मिडिया प्रा.लि. | ३०००० |
| ३५९।२०८०।०१।१२ | रिटर्नी फेडेरेशन नेपाल | १०००० |
| ३५९।२०८०।०१।१२ | घमिर रुपन्देही सेवा समुह | १०००० |
| ४४२।२०८०।०२।२५ | जनाधार मिडिया प्रा.लि. | ३००० |
| ४५९।२०८०।०३।०५ | जनाधार मिडिया प्रा.लि. | ३००० |
| ५२०।२०८०।०३।१८ | गुफा कृषि सहकारी संस्था लि. | ५००० |
| ५२०।२०८०।०३।१८ | इस्माली समाज | ५००० |
| ५२०।२०८०।०३।१८ | अर्घाखाँची मैत्री समाज | १०००० |
| ५२०।२०८०।०३।१८ | मालिका मा.वि. पूर्वविद्यार्थी समाज | १०००० |
| ५३९।२०८०।०३।२० | अर्जे समाज गुल्मी | १५००० |
| ५३९।२०८०।०३।२० | रेसुङ्गा बहुमुखी क्याम्पस | १५००० |
| ५८३।२०८०।०३।२३ | रोटरी क्लब | १०००० |

सैद्धान्तिक बेरुजु

४४ **अनुगमन भत्ता**

लुम्बिनी प्रदेश,स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ मा नेपालको संविधान बमोजिम स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गरेको छ । ऐनमा अनुगमन भत्ता सम्बन्धमा कुनै व्यवस्था नरहेको, दफा ९ मा कार्यालयको कामको सिलसिलामा आफ्नो कार्यक्षेत्र र जिल्लामा भ्रमण गर्दा दैनिक तथा

भ्रमण भत्ता समेत नपाउने र दफा १४ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेकोमा पालिकाले मालिका गाउँपालिका सार्वजनिक खरिद नियमावलीको नियम १४९(८) मा विभिन्न योजना तथा कार्यक्रमको अनुगमन वापत प्रति अनुगमन रु.१०००।— उपलब्ध गराउने व्यवस्था गरी निम्नानुसारको भौचर नं. र मितिमा अनुगमन भत्ता खर्च वापत रु.५,८४,७००।—भुक्तानी गरेको पाइयो । स्थानिय सरकार संचालन ऐन, २०७४ मा पदाधिकारीहरुको काम कर्तव्य र अधिकार तोकिएको तथा निजहरूले अनुगमन भत्ता नपाउनेमा खर्च लेखेको पाईयो । सो भत्ता रकम उक्त ऐनको प्रावधान विपरित रहेकोले अनियमित देखिएको रु.

| **गो.भौ.नं.।मिति** | **व्यहोरा** | **रकम** |
|---|---|---|
| ४७४।२०८०।०३।०८ | ३१ वटा योजना तथा कार्यक्रम अनुगमन वापत अनुगमन भत्ता भुक्तानी | ४७२००० |
| ४९७।२०८०।०३।१३ | योजना तथा कार्यक्रम अनुगमन वापत अनुगमन भत्ता भुक्तानी | ४०००० |
| ५३२।२०८०।०३।२० | योजना तथा कार्यक्रम अनुगमन वापत अनुगमन भत्ता भुक्तानी | ३९२०० |
| ५५०।२०८०।०३।२१ | योजना तथा कार्यक्रम अनुगमन वापत अनुगमन भत्ता भुक्तानी | ३३५०० |
| **जम्मा** | | **५८४७००** |

| | |
|---|---|
| अनियमित भएको | ५,८४,७०० |

४५ **पूर्व निर्धारीत क्षतिपूर्ती**

***ꭗ........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. २,९६०।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४६ **अनुगमन मुल्यांकन**

स्थानिय तह कार्य सञ्चालन निर्देशिकामा गाँउपालिका भित्र सञ्चालन भएका पाँच लाख भन्दा माथीका आयोजना तथा कार्यक्रमहरु उपाध्यक्षको संयोजकत्वमा अनुगमन गरी भुक्तानीको लागि सिफारीस गर्नु पर्ने व्यबस्था रहेको छ । गाँउपालिकाबाट भुक्तानी भएका विद्यालय भौतिक निर्माण,मोटरबाटो निर्माण, नमुना विद्यालय निर्माण,कृषि ,पशु अनुदान लगायत उपभोक्ता समुहबाट भए गरेका कामहरु के कस्तो अबस्थामा निर्माण सम्पन्न भएका छन सो को गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा अनुगमन गरी भुक्तानीको लागि सिफारिस गर्नु पर्नेमा अधिकांश अनुगमन संयोजकको उपस्थितमा गरीएको र अनुगमन प्रतिवेदनमा कुनै पनि व्यहोरा उल्लेख नगरेको तथा कतिपय निर्माण कार्य सम्पन्न भएको भनिएता पनि अनुगमन प्रतिवेदनमा निर्माणको क्रममा रहेको भनि उल्लेख भएकोले अनुगमन केवल औपचारिकतामा मात्र सिमित रहेको पाईयो । कानुनमा भएको व्यबस्था अनुसार स्थलगत रुपमा अनुगमन गरी अनुगमन प्रणालीलाई प्रभावकारी बनाई यथार्थ र सार्थक रुपमा अनुगमन गरिनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४७ **ठेक्का व्यवस्थापन**

ठेक्का व्यवस्थापनः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा वार्षिक बजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउँदा लागत अनुमान बनाउने, बोलपत्र आव्हान गरी स्वीकृत गर्ने, स्थानीय निकाय वा उपभोक्ता समितिको सहयोग जुटाउने र निर्माण सामग्री उपलब्ध र ढुवानी गराई कार्यान्वयन गर्ने विषयलाई ध्यान दिनु पर्ने एवं कार्यक्रम सुचारु रुपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न अन्य निकायसंग लिनुपर्ने सहयोग र स्वीकृति बारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्ने व्यवस्था रहेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारवाही शुरु गर्न नहुने व्यवस्था रहेको छ । बिभागबाट चालु आ.ब.मा ठेक्का बन्दोबस्त गरेको बिबरण देहाय बमोजिम रहेको छः—

| क्र.सं. | कार्यक्रमको नाम | ठेक्का नंबर | बोलपत्र बिक्री सङ्ख्या | बोलपत्र दाखिला सङ्ख्या | लागत अनुमान | स्वीकृत रकम | सम्झौता मिति |
|---|---|---|---|---|---|---|---|
| | Construction of Neta Darling HwangdiGangare Road Section A | OMRM-GUL-W-NCB-०१-०७९/०८० | ८ | ८ | १७६८७६५० | १०२८३६४० | २०७९/०७/२९ |
| 2. | Construction of Neta Darling HwangdiGangare Road Section A | OMRM-GUL-W-NCB-०२-०७९/०८० | ५ | ५ | ९७०२८५८ | ५७५०१०९ | २०७९/०७/२९ |
| 3. | Construction of PhulbariChorkateArjai Road | OMRM-GUL-W-NCB-०३-०७९/०८० | ३ | ३ | ९७०५७६८ | ६९८३२३६ | २०७९/०७/२९ |
| 4. | Procurement of HDPE Pipes, Gabion Boxes and CGI Sheets | OMRM-GUL-G-SQ-०४-०७९/०८० | ३ | ३ | १९२८४६८ | १८६५९३५ | २०७९/०६/०६ |
| 5. | अर्जै खोला क्षेत्रमा पर्ने नदीजन्य पदार्थ उत्खनन सम्बन्धी सरलबन्दी दरभाउपत्र | OMRM-GUL-SQ-०५-०७९/०८० | ३ | ३ | २१८००० | २१८००० | |
| 6. | Maintenance of Boma Hile Sairepokhara Road | OMRM-GUL-W-NCB-१९-०७९/०८० | १ | १ | २८७५७८४ | २३११४८४ | २०७९/०८/०७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 7. | Construction of Integrated Malika OHOT WSSP | OMRM-GUL-W-NCB-२०-०७९/०८० | ८ | ८ | ९७१४६५२ | ७९४६९३० | २०७९/०८/२५ |
| 8. | Procurement of Medicine Items for Malika Rural Municipality | OMRM-GUL-G-SQ-२१-०७९/०८० | ३ | ३ | १८१२३०१ | ५८१५६५ | २०७९/०७/२२ |
| 9. | Construction of Malika Model Secondary School Building | OMRM-GUL-W-NCB-२२-०७९/०८० | ७ | ७ | १०५३९१७७ | ७५३०७७६ | २०७९/०८/२१ |
| 10. | Construction of Ward Office Building, Ward १ | OMRM-GUL-W-NCB-२३-०७९/०८० | २ | २ | ७१६३११६ | ५२९७६२७ | २०७९/०८/२९ |
| 11. | Procurement and Supply of Veterinary Items for Malika RM | OMRM-GUL-G-SQ-२४-०७९/०८० | - | - | ७००००० | - | - |
| 12. | Procurement of Medicine Items for Malika RM P२ | OMRM-GUL-G-SQ-२५-०७९/०८० | ४ | ४ | ९८३११५ | ४२०७५० | २०७९/११/२५ |
| 13. | Construction of Neta Darling HwangdiGangare Road Sec. A P२ | OMRM-GUL-W-NCB-२६-०७९/०८० | २ | २ | ७९६६६५६ | ५१०१८०७ | २०७९/१२/०९ |
| 14. | Construction of Integrated Malika OHOT WSSP P२ | OMRM-GUL-W-SQ-२७-०७९/०८० | २ | २ | ११९७९२१० | १७६६५३४ | २०७९/११/२९ |
| 15. | Construction of Malika Peace Park | OMRM-GUL-W-NCB-२८-०७९/०८० | ३ | ३ | ५८६८२८१ | ४७७६०२८ | २०७९/१२/०१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 16. | Construction of Neta Darling Hwangdi Road Sec A P३ | OMRM-GUL-W-SQ-२९-०७९/०८० | ५ | ५ | १९८२०४७ | १९६८०३० | २०८०/०१/२७ |
| 17. | Procurement of Sanitary Pads for Malika RM | OMRM-GUL-G-SQ-३०-०७९/०८० | ४ | ४ | १६३२९६३ | ७१५०२० | २०८०/०२/०१ |
| 18. | Construction of Malika Model Secondary School P२ | OMRM-GUL-W-SQ-३१-०७९/०८० | १ | १ | १९४१५४१ | १६२२५५३ | २०८०/०२/१७ |

सैद्धान्तिक बेरुजु

४८ **वोलपत्र मूल्याङ्कन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३८(२) मा अधिकार प्राप्त अधिकारीले खर्च लेख्दा स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको र खर्च गर्न बाँकी रहेको यकिन गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं २४७।२०७९।१०।२० मा टेण्डर मूल्याङ्कन वापत रु.१५४५००।-र गो.भौ.नं २६१।२०७९।१०।२० बाट टेण्डर क्याटलग विधिबाट सवारी खरिद गर्दाको बैठक भत्ता रु.१६०८००।-गरी कुल रकम रु.३१५३००।-अनुगमन तथा मूल्याङ्कन खर्च शिर्षकबाट भुक्तानी भएको छ । पालिकाको आन्तरीक आयस्रोत कम भएकोले यस्तो खर्च रकममा नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४९ **मू. अ. कर समायोजन बिना धरौटी फिर्ता**

***✂.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. ६२,६३८।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५० **वितरण भरपाई नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले पूजीँगत तर्फको आयुर्वेद स्वास्थ्य केन्द्र संचालन र व्यवस्थापन खर्च शिर्षकबाट कामना आयुर्वेदबाट रु.५००००।-रकमको औषधी खरिद गरेको छ, सो मध्ये अस्वगन्धा चूर्ण ८२ थान र भाष्कर चूर्ण ७८ थानको वितरण भरपाई संलग्न नरहेको हुनाले खरिद पश्चात वितरण भरपाई संलग्न गर्नेपर्फ पालिकाको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ५१ आय ठेक्का

स्थानिय सरकार सञ्चालन ऐन,२०७४ मा स्थानिय तहले आफ्नो क्षेत्र भित्र रहेका प्राकृतिक नदीजन्य पदार्थको विक्री वितरण गरी आन्तरीक आम्दानी प्रात गर्नु पर्ने व्यबस्था रहेको छ । पालिकाले विभिन्न १४ वटा नदीखोलाबाट नदीजन्य पदार्थको विक्रि वितरणको लागि १४२३१ घन मीटर परिमाण उत्खनन गर्न सक्ने र उक्त नदिजन्य पदार्थबाट रु.३०१४९८१।-न्यूनतम राजस्व कायम गरी मिति २०७९।६।७ मा बोलपत्र आव्हान गरेकोमा अर्जै खोला क्षेत्रमा पर्ने नदीजन्य पदार्थको मात्र कबोल गर्ने आर.आर. कन्ष्ट्रक्शन नवलपरासी-१ ले न्यूनतम रु.१९३५००।-को कबोल रु.१९६७९०।-गरि राजस्व दाखिला गरेको छ ।आफ्नो क्षेत्रमा पर्ने नदीजन्य पदार्थको विक्री वितरण गरी पालिकाले आन्तरीक आय बढाउनु पर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

## ५२ सामाजिक सुरक्षा

५२.१ **भत्ता निकासाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१२) बमोजिम नेपाल सरकारले त्रैमासिक रुपमा बजेट निकासाको ब्यवस्था गरे बमोजिम यस पालिकाले लाभग्राहीहरुको खातामा भत्ता दाखिला गर्न पहिलो त्रैमासिकको भत्ता २०७९।०६।०४ गते, दोस्रो त्रैमासिकको भत्ता २०७९।१०।०८ गते, तेस्रो त्रैमासिकको भत्ता २०७८।१२।१७ गते र अन्तिम चौथो त्रैमासिकको भत्ता २०७९।०३।१३ गते बैंकमा निकासा गरेको देखिन्छ । नियमावलीमा व्यवस्था भएको समय सिमाभित्र रकम बैंकमा पठाएको देखिएन । नियमावलीले तोकेको समयावधि भित्र बैंकमा भत्ता रकम निकासा पठाई वितरणको सुनिश्चितता हुनुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

५२.२ **हिसाब मिलानः** सामाजिक सुरक्षा वापतको रकम लाभग्राहीको खातामार्फत भुक्तानीको लागि कार्यालय र बैंक बिच भएको सम्झौता बमोजिम बैंकबाट लाभग्राहीको खातामा जम्मा भई बाँकी रकम १५ दिन भित्र फिर्ता गरिसक्नुपर्ने व्यवस्था रहेको छ । बैंकले विभिन्न त्रैमासिकको रकम भुक्तानी समयमै फिर्ता गरी कार्यालयले आम्दानी जनाएको पाइएन । आर्थिक वर्षको अन्त्यमा मात्र हिसाब मिलान गरी बाँकी रकम फिर्ता गरेको पाइयो । सम्झौता कार्यान्वयनमा जिम्मेवार हुनु पर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

५२.३ **लगत कट्टाः**

*✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. १,१६,५२४।- सम्परीक्षण गरिएको ।)*

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ० |

५२.४ **दोहोरो खाता नम्बरः** पालिकाको वडा नं. ७ को पहिलो त्रैमासिकमा भएको सामाजिक सुरक्षा भत्ता वितरणको Reverse Feed को परीक्षण गर्दा निम्नानुसारका लाभग्राहीहरूको खाता नं. एउटै रहेको र सो खातामा दोहोरो भत्ता रकम भुक्तानी भएकोले सो सम्बन्धमा पालिकाले एउटै खाता नम्बरमा दोहोरो भुक्तानी भएको हो होइन सोको यकिन गरी प्रमाण पेश गर्नुपर्ने रु.

| Id नं. | नाम | नागरिकता नं. | बैंक खाता नं. | दाखिला रकम |
|---|---|---|---|---|
| १९९५०१०३०३३०३ | बेली कामी | ६७ | ०१४१११०००६६६०६००००01 | १२००० |
| १९९५०१०३०२६८५ | बेली कामी | १९९९०४९ | ०१४१११०००६६६०६००००01 | १२००० |
| १९९९०१०७०१७३५ | कुमारी खत्री | ४६३०५०६१ | ०१४१११०००६८४५२००००01 | १२००० |
| १९९९०८२२००७१५ | कुमारी खत्री | ७१४५०४३ | ०१४१११०००६८४५२००००01 | १२००० |
| **जम्मा** | | | | **४८०००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४८,००० |

५३ **शिक्षण सहयोग**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं २.७.१३.४० मा शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दि मिलानको प्रतिवेदन अनुसार सामुदायिक विद्यालयको आधारभूत तह (कक्षा ६-८) तथा माध्यमिक तह (कक्षा ९-१०) का लागि कुनै पनि दरवन्दि तथा राहत अनुदान नभएका (शुन्य दरवन्दि भएका) गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक ब्यवस्थापनको लागि अनुदान दिन सकिने उल्लेख छ । यस्तो अनुदान रकम वजेटको परीधि भित्र रहि शुन्य दरवन्दि भएको विद्यालयलाई न्युनतम २ शिक्षक र १ दरवन्दी भएको विद्यालयलाई १ शिक्षक थप गरी न्युनतम २ शिक्षक बराबरको अनुदान शिक्षक भर्ना भएपछि १२ महिनाको दरले अनुदान निकासा दिने उल्लेख छ । पालिकाले विद्यालयहरुलाई विद्यार्थि शिक्षक संख्या, विद्यालयहरुको भौगोलिक दुरी, बार्षिक नतिजा प्रकाशन लगायतका सूचकहरुलाई समेत आधार मानि विद्यालय मर्जर र अनुदान व्यवस्थापन गर्नुपर्नेमा पालिकाले सो नगरी कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था विपरीत निकासा दिएको छ । अतः न्युन विद्यार्थि रहेको विद्यालयलाई विद्यार्थि शिक्षक संख्या, विद्यालयहरुको भौगोलिक दुरी, बार्षिक नतिजा प्रकाशन लगायतका सूचकहरुलाई समेत आधार मानि विद्यालय मर्जर र अनुदान व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

| सि.नं | विद्यालय | शशर्त शिक्षक अनुदान | रकम रु. | गा.पा.शिक्षक अनुदान | रकम रु. | विद्यार्थि संख्या |
|---|---|---|---|---|---|---|
| १ | देविस्थान मा.वि. | ३ जना | १२७४१६०।- | मा.वि १,<br>नि.मा.वि.२ | ९१००००।- | ७६ |
| २ | च्यानडाँडा मा.वि. | १ जना | ३६२४००।- | नि.मा.वि. १ | ५२००००।- | ९४ |
| ३ | सिद्ध मालिका मा.वि. | १ जना | ३६२४००।- | - | - | ४१ |
| ४ | थानपति आ.वि. | १ जना | ३६२४००।- | नि.मा.वि. १ | २६००००।- | ५१ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५४ **छात्रवृत्ति वितरण**

*५........ (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. ८,६००।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५५ **पाठ्यपुस्तक वितरण**

५५.१ *५........ (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. १७,००८।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५५.२ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को ३.१ मा विद्यालयको यकिन विद्यार्थी संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम पाठ्यक्रम विकास केन्द्रबाट स्विकृत दरमा अनुदान दिने ऊल्लेख छ । साथै पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गरेको पाठ्यपुस्तकको दररेटमा ऐच्छिक पुस्तकको हकमा प्रतिपेजको दररेट तोकेको छ । तर पालिकाले विद्यालयहरुलाई पुस्तकको रकम निकासा दिंदा कुन कुन पुस्तक के कति पेज र मूल्यका थिए सोको अभिलेख बेगर नै देहायका विद्यालयहरुलाई निम्नानुसारको रकम निकासा दिएको छ । सो निकासा सम्वन्धमा यकिन हुन सकिएन, सो सम्वन्धमा सुधार हुनुपर्ने देखिन्छ ।

| सि.नं | विद्यालयको नाम | निकासा गएको | ऐच्छिक बिषयको खर्च |
|---|---|---|---|
| १ | मालिका मा.वि. | ३८१२४९ | ३०५५२ |
| २ | अर्जै मा.वि. | २६७३०० | १४५३५ |
| ३ | देविस्थान मा.वि. | ३४०८११ | २१०५१ |
| ४ | नेटा दर्लिङ्ग मा.वि | ३१४१६२ | १२२९८ |
| ५ | ह्वाङ्वदी मेहाली मा.वि. | २१३२५२ | १०४०९ |
| ६ | देविस्थान मा.वि,महभिर | १८७४३० | ८३४५ |
| ७ | जमलपोखरा मा.वि | २०३८८५ | ६६२१ |
| ८ | च्यानडाँडा मा.वि. | १७०४७९ | ७७५८ |
| ९ | छापहिले मा.वि. | १७९७६७ | ९४८६ |
| १० | अमर मा.वि. | १२२८२० | ५००१ |
| **जम्मा** | | | **१२६०५६।-** |

| सैद्धान्तिक बेरुजु |
|---|

## ५६ दिवा खाजा

कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७९।८० को २.७.११.१ मा दिवा खाजा कार्यक्रम लागु भएका पहाडि विद्यालयहरुमा कक्षा ६ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले बढिमा १८० दिनको लागि विद्यार्थीको दैनिक हाजिरीको प्रमाणित प्रतिलिपीको आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । साथै दोश्रो, तेस्रो र चौथो त्रैमासिक निकासा दिंदा पहिलो त्रैमासिक निकासा दिएको रकमको सदुपयोगको स्थिती समेत हेरेर एवं खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमूनाको समेत आधारमा निकासा दिनुपर्ने उल्लेख छ । तर पालीकाले यस बर्ष दिवा खाजाको लागी विभीन्न विद्यालयहरुमा प्रथम किस्ता गो.भौ.२८।०७९।८।२० बाट रु. २५१५५००।—दोस्रो किस्ता गो.भौ.८९।०८०।१।१४ बाट रु.४८४९७५५।- र तेस्रो किस्ता निकासा गो.भौ.१९५।०८०।३।२३ बाट रु.१९७७६६०।-गरी जम्मा रु.९३४२९१५।-विद्यालयहरुलाई निकासा दिएको पाईयो । सो सम्वन्धमा देखिएको विवरण निम्नानुसार छ ।

५६.१ विद्यालयहरुलाई त्रैमासिक रुपमा निकासा दिएको रकम विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षवाट विद्यार्थिको संख्यात्मक विवरण प्रमाणित गराईस्थानिय तहमा तथ्याङ्क संकलन गरी संख्या यकिन गरी रकमको सदुपयोगको स्थिती समेत हेरेर पुनः अर्को किस्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ । विद्यालयहरुको दिवा खाजाको व्यवस्थापन सम्वन्धी अनुगमन समेत नगरी कार्यालयले प्रति विद्यार्थी दैनिक रकमले हुने एकमुष्ठ रकम सम्वन्धित विद्यालयलाई तिन किस्तामा मात्रै निकासा गरेको पाईयो । कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको प्रकृया पुरा गरी निकासा दिनेतर्फ पालिकाले ध्यादिनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५६.२ कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७९।८० को २.७.११.१ (च) मा विद्यालयले दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएको जङ्कफुड नखुवाउने, ताजार पोषिलो दिवा खाजाका लागि उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न, तरकारी, दुध, दही, माछा-मासु, फलफूल लगायतका सामग्रीहरू स्थानीय कृषकबाट खरिद गर्ने, स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिणाम खुल्ने विवरण र विलभरपाई सुरक्षित रूपमा राखेर भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमितिबाट अनुमोदन गर्ने व्यवस्था मिलाउने उल्लेख छ । साथै विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने । सबै सामुदायिक विद्यालयमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने र उक्त निरीक्षण पुस्तिकामा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एव कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्तिले आफ्नो राय सुझाव उल्लेख गर्ने व्यवस्था रहेकोमा स्थानीयतहबाट अनुगमन गरी तथ्याङ्क अद्यावधिक गरेको देखिएन । पालिकाले सो सम्वन्धमा ध्यान दिनुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५६.३ *५........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. १,३६,९५०।- सम्परीक्षण गरिएको ।)*

| प्रमाण पेश नगरेको | ० |
|---|---|

५६.४ *ऋ.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. १८,७२,२५५।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ५७ शिक्षक दरवन्दी र पदपूर्ति

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरु (वालविकास सहित) मा ३०६ जना शिक्षक दरवन्दी रहेको र सोहि अनुसारको पदपूर्ति भएको देखियो । पालिका अन्तर्गतका विद्यालयहरुमा कूल ६५४७ जना विद्यार्थीको संख्या रहेकोमा प्रति शिक्षक विद्यार्थी अनुपात औषतमा १:२१ र देहायका न्युन विद्यार्थि रहेका विद्यालयमा मात्रै प्रति शिक्षक विद्यार्थी अनुपात औषतमा १:१२ देखिन्छ । यसरि विद्यार्थिहरुको संख्या नगण्य रहेको अवस्थामा समेत पालिकाले पुनः आन्तरीक वजेटबाट निजि शिक्षकको लागि समेत अनुदान दिने गरेको पाईयो । पालिकाबाट पेश भएको विवरण अनुसार देहायका विद्यालयमा औसत अनुपात भन्दा बढी संख्यामा शिक्षक दरवन्दी देखिन्छ भने विद्यालय निरीक्षणको अवधिमा एक विद्यालयबाट अर्को विद्यालयको दुरी न्यून देखिन्छ । अत; विद्यार्थि संख्या, पहुँचको अवस्था, एक विद्यालयबाट अर्को विद्यालयमा रहेको भौगोलिक दुरी लगायतको अवस्थालाई समेत मध्यनजर गरी विद्यालयहरुको मर्जर प्रकृयाको थालनि गर्नुपर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| सि.नं | विद्यालय | कुल शिक्षक | विद्यार्थीसंख्या | अनुपात |
|---|---|---|---|---|
| १ | श्रीतिखेचुलिप्रावि | २ | २३ | ११.५ |
| २ | श्री भुमेचौर प्रावि | २ | २१ | १०.५ |
| ३ | श्रीसल्लाखर्क प्रावि | २ | ३० | १५ |
| ४ | श्री सल्लाखर्क प्रावि | २ | २५ | १२.५ |
| ५ | श्रीमनकामना प्रावि | ३ | १८ | ६ |
| ६ | श्रीजनजागरण प्रा वि | ३ | ६१ | २०.३ |
| ७ | श्रीजनज्योति प्रावि | ३ | ४९ | १६.३ |
| ८ | श्रीपाटाखर्क प्रा वि | २ | २५ | १२.५ |
| ९ | श्रीगैरा प्रावि | २ | १३ | ६.५ |
| १० | श्री .ह्राङदी चिवरा प्रावि | २ | १३ | ६.५ |
| ११ | श्री गएलिचौरप्रावि | ३ | ४७ | १५.६ |
| १२ | श्रीमरानडाडा प्रावि | ६ | ६६ | ११ |
| १३ | श्री .पैयापाटा प्रावि | २ | २४ | १२ |

| | | | | |
|---|---|---|---|---|
| १४ | श्रीमुलाबारी प्रा वि | २ | ११ | ५.५ |
| १५ | श्रीसुर्योदय प्रावि | ३ | ३९ | १३ |
| १६ | श्रीमालिका प्रावि रङग | २ | १९ | ९.५ |
| १७ | श्रीविद्धदेवि प्रावि | २ | ३६ | १८ |
| १८ | श्रीकालिका प्रावि | ४ | ८८ | २२ |
| १९ | श्रीरैनादेवि प्रावि | ३ | ४४ | १४.६ |
| २० | श्रीफुलवारि प्रावि | ३ | ३१ | १०.३ |
| २१ | श्रीमैदानचउर प्रा वि | ५ | ५९ | ११.८ |
| २२ | श्रीछत्र प्रा वि | ६ | ६८ | ११.३ |
| २३ | श्रीसिद्वेश्वरी प्रा वि | ८ | ७९ | ९.८ |
| २४ | श्रीमालिका प्रा वि मर्भुग | ५ | ४२ | ८.४ |
| २५ | श्रीजनसेवा प्रा वि | २ | १९ | ९.५ |
| २६ | श्रीभगवती प्रा वि | २ | २२ | ११ |
| २७ | जनकल्याणप्रा वि | १ | १५ | १५ |
| २८ | मिर्मिरेप्रा वि | १ | १४ | १४ |
| **जम्मा** | | | | **१२.१२** |

यसरी न्यून विद्यार्थी रहेका विद्यालयलाई पालीकाले विद्यार्थि संख्या, पहुँचको अवस्था, एक विद्यालयबाट अर्को विद्यालयमा रहेको भौगोलिक दुरी लगायतको अवस्थालाई समेत मध्यनजर गरी मर्जरको प्रक्रियामा लगि विद्यालयमा आवश्यकता बमोजिम शिक्षक दरबन्दि कायम गरी शैक्षिक गुणस्तर सुधार तथा मितव्ययिता कायम गर्नेतर्फ गाउँपालिकाको ध्यान जान आवश्यक देखिन्छ।

सैद्धान्तिक बेरुजु

## ५८ तलवी भरपाई

शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम १२६ (ङ) मा शिक्षकहरुको वार्षिक तलवी प्रतिवेदन पारित गर्ने कार्य विद्यालय शिक्षक किताबखानाबाट हुने व्यवस्था छ । यसरी पारीत तलवी प्रतिवेदन अनुसार सामुदायिक विद्यालयहरुले आफ्नो विद्यालयमा कार्यारत शिक्षकहरुको तलवी माग फारम पेश गर्दा अगाडिको चौमासिकको तलवी भरपाई, संचयकोष कट्टा दाखिला एवं सामाजीक सुरक्षा र पारीश्रमिक कर कट्टादाखिलाको प्रमाण सहित पेश गर्नुपर्ने व्यवस्था छ । तर पालिका

अन्तर्गतका अधिकांश विद्यालयहरुले पूर्ण रुपमा सोको कार्यान्वयन गरेतापनि केहिले पालना गरेको पाईएन जसले गर्दा तलवी माग फारम र खर्च यथार्थपरक छ भन्न सकिएन । अतः तत्सम्वन्धमा सुधार हुनपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५९ **लघु उद्यम कार्यक्रम**

गरीवी निवारणको लागि लघु उद्यम कार्यक्रम (मेडपा) अन्तर्गत यस आर्थिक बर्षमा विभिन्न कार्यक्रमको लागि यस बर्ष रु.२३८००००।-रकम विनियोजन भएकोमा रु.२३७२६०७।-खर्च गरेको पाईयो । पालिकाले यस बर्ष विभिन्न प्राविधिक सिपमूलक तालीमहरुSIYBतालिम १०७ जनालाई, सिलाईकटाई ४९ जनालाई, ब्युटिपार्लर७ जना र डलकुशन १३ जनालाईतालीम प्रदान गरि उपकरणहरु समेत वितरण गरेको छ । पालिकाले यसरी गरीवी निवारणको लागि विनियोजित रकमबाट पूर्ण रुपमा कार्यक्रम संचालन गरी बार्षिक सम्पन्न कार्यक्रमहरुको प्रभावकारीता एवं तालिम पश्चातको रोजगारी सृजना सम्वन्धमा समेत पुनः अनुगमन गरी तथ्याङ्क अद्यावधिक गरी अनुदानको सहि सदुपयोग गर्नुपर्ने देखिन्छ । पालिकाले सो सम्वन्धमा आधिकारीक रुपमा अनुगमन गरेको अवस्था छैन, सो सम्वन्धमा ध्यानदिनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६० **शिक्षकको तलब भत्ता निकासा**

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छः

६०.१ *x.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. ३५,०००।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६०.२ *x.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. १८,०००।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६१ **बार्षिक कार्यक्रम बाहिरको खर्च**

अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानिय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारीत कार्यमा मात्रै खर्च गर्न पाउने उल्लेख छ । पालिकाले देहाय अनुसारको संघिय शशर्त कार्यक्रमबाट बार्षिक विनियोजन नभएको शिर्षक तथा पालिका तर्फको चालु खर्च शिर्षकबाट खर्च लेख्नुपर्ने रकम खर्च लेखेको छ । यसरी विनियोजित शिर्षक बाहेकको खर्च रकम रु.५०८३००।—खर्च गरेको पाईएकोले सांगठनिक संरचना स्विकृत नगराई खर्च लेखेको रकम नियमसम्मत नदेखिएको, रु.

| सि.नं | गो.भौ।मिति | खर्च विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | ४०।०७९।१०।९ | ल्या.अ.निर्मला आले | २५४१५०।- | पालिका करार कर्मचारीको तलव संघिय सशर्तबाट खर्च |
| २ | " | ल्या.अ.अन्जु थापा | २५४१५०।- | " |
| **जम्मा** | | | **५०८३००।-** | |

| | |
|---|---|
| अनियमित भएको | ५,०८,३०० |

## ६२ राष्ट्रिय शिक्षा नीतिको पालना

६२.१ राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याश्ङ्कन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन सम्वन्धि मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन्।

¬ सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।

¬ मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।

¬ अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।

¬ प्रतिवेदन सार्वजनिक गरेको छैन ।

तसर्थ गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६२.२ गाउँपालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६२.३ राष्ट्रीय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन ।यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन्

¬ निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।

¬ मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।

¬ निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन ।
¬ शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन ।
¬ अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि ।
अतः गाउँपालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६३ **पाठ्यपुस्तक छपाई**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु १० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने र सोभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । पालिकाले कक्षा १-५ को स्थानिय भाषाको पाठ्यपुस्तक छपाई गर्नको लागि दरभाउपत्र माग गरेकोमा कम कवोल गर्ने फर्म मनकामना प्रिन्टिङ्ग प्रेस, काठमाण्डौले रु.८३८५१६।—पेश गरेकोमा सो फर्मसँग सम्झौता नगरी कालिका प्रिन्टिङ्ग एण्ड सप्लायर्स प्रा.लि.ले पेश गरेको रु.८५०८९०।—को दरभाउपत्र स्विकृत गरेको र गो.भौ.३३।०८०।३।१३ बाट रु.८५०८९०।—(गा.पा.चालुबाट) भुक्तानी दिएको पाईयो । यसरी कम मूल्यमा पेश गरेको फर्मबाट खरीद नगरी बढी मूल्यमा खरीद गरेको फरक रकम रु.१२३७४।—सम्बन्धितबाट असूल हुने, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,३७४ |

६४ **प्रति विद्यार्थि लागतका आधारमा शिक्षण सिकाई**

*५.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. १३,५५०।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६५ **विद्यालयलाई लाईब्रेरी व्यवस्थापन**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८।७९ को क्रियाकलाप नं ९.५ मा विद्यालयलाई लाईब्रेरी व्यवस्थापनको लागि विद्यार्थि संख्या उच्च रहेका, विगत बर्षहरुमा अनुदान नपाएका, पुस्तकालय व्यवस्थापनको लागि आवश्यक कक्षाकोठा र भौतिक पूर्वाधार रहेका र पुस्तकालय नरहेका माध्यमिक विद्यालयलाई प्राथमिकतामा राखि आवश्यकता अनुसार आधारभूत विद्यालयहरुलाई समेत एकमुष्ठ रु.६५००००।-निकासा दिने व्यवस्था छ । त्यस्तैस्थानिय तहले इन्टरनेटको पहुँच भएका तथा विधुतको नियमित आपूर्ति भएका विद्यालयहरुबाट प्रस्तावको आधारमा विवरण संकलन गर्नुपर्ने व्यवस्था छ । माध्यमिक तहमा अंग्रेजी र विज्ञान बिषय पढाईरहेका, कम्प्युटर ऐच्छिक विषयको रुपमा अध्यापन गराईरहेका एवं शिक्षकले ICT का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण सहितको प्रस्ताव समेत विद्यालयहरुबाट संकलन गरी प्राथमिकिकरणका आधारमा पालिकाबाट विद्यालय छनौट गर्ने उल्लेख छ । यसरी छनौट भएका विद्यालयले आवश्यक सामान खरीद गर्दा नमूना विद्यालय संचालन निर्देशिका, २०७४ र सार्वजनिक खरीद ऐन अनुसार गर्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक बर्षमा देहायका विद्यालयलाई देहायको प्रयोजनमा निकासा दिएकोमासो छनौटको स्पष्ट आधार देखिएन । साथै निम्नानुसारको कार्य गर्दा विद्यालयले सार्वजनिक खरीद ऐन अनुसार गर्नुपर्नेमा सो अनुसार गरे नगरेको स्पष्ट नभएको र विद्यालय जिन्सी खातामा दाखिला भए नभएको समेत प्रमाण पेश हुन आएन । अतः कार्यक्रम कार्यान्वयन पुस्तिकाले

तोकेको सूचकको आधारमा निर्णय प्रकृया गरेको प्रमाण, स्पेशिफिकेसन तथा सम्झौता वमोजीमको कार्य भएको अनुगमन समितिको प्रतिवेदन साथै विद्यालयले समेत सार्वजनिक खरीद ऐनको परीधी अनुसार खरीद गरेको साथै पालिकास्तरीय अनुगमन समितिबाट अनुगमनको प्रमाण पेश हुने, रु.

| सि.नं | विद्यालय | विज्ञान प्रयोगशाला | पुस्तकालय व्यवस्थापन | जम्मा |
|---|---|---|---|---|
| १ | श्री अर्जै मा.वि. | ६५००००।- | | ६५००००।- |
| २ | श्री मालिका मा.वि. | - | ६५००००।- | ६५००००। |
| **जम्मा** | | **६५००००।-** | **६५०००००।-** | **१३०००००।-** |

| प्रमाण पेश नगरेको | १३,००,००० |
|---|---|

## ६६ सेनीटरी प्याड खरीद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ।पालीकाले सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधी अनुसारको स्पेशिफिकेशन २४०_+२०mm प्याडको लागत अनुमान तयार गर्नुपर्नेमा २४०mm लम्वाई, ६० बाट ७५mm चौडाई एवं thickness १५ mm +- २ mmको सेनीटरी प्याड १९२६८ खरीदको लागत अनुमानरु.१६३२९६३।—तयार गरी शिलवन्दी दरभाउपत्र माग गरेको पाईयो ।पालिकाले कम कवोल फर्म एन्जल टच हाईजिन म्यानुफ्याक्चरीङ्ग प्रा.ली.ललितपुरको प्रस्ताव स्विकार गरी २०८०।१।५ को सम्झौता अनुसार गो.भौ १२१।०८०।२।२८ बाट रु.७१५०२०।—भुक्तानी गरेको र वितरण गरेको जनाएको छ । पालिकाले विद्यार्थिहरुले सम्वन्धित शैक्षिक शत्रमा प्रयोगमा ल्याउने गरी खरीद एवं वितरण गर्नुपर्ने उक्त स्वास्थ्य सामाग्री आर्थिक वर्षको चौथों त्रैमासिकमा मात्रै खरीद गरेकोले उक्त सामाग्री सम्वन्धित विद्यार्थीले आवश्यकता अनुरुप प्रयोग गर्न नपाउने स्थिति देखियो । साथै सो प्याड सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधी, २०७६ को दफा ३(४) को अनूसूची १ अनुसार २४०+- २० mm लम्वाई, ६० बाट ७५mm चौडाई एवं thickness १५ mm +- २ mmको साईजको तथा PH Value ६-८-५ को को साईजमा खरीद नगर्दा विद्यार्थिहरुलाई आवश्यकता भन्दा ठूलो भएकोले नेपाल सरकारको लक्ष्य अनुरुपको प्रगती हाँसिल हुन नसक्ने अवस्था देखियो । कार्यविधीले तोकेअनुसार खरीद गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ६७ तलवी प्रतिवेदन

शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम १२६ (ङ) मा शिक्षकहरुको वार्षिक तलवी प्रतिवेदन पारित गर्ने कार्य विद्यालय शिक्षक किताबखानाबाट हुने व्यवस्था छ । यसरी पारीत तलवी प्रतिवेदन अनुसार सामुदायिक विद्यालयहरुले आफ्नो विद्यालयमा कार्यारत शिक्षकहरुको तलवी माग फारम पेश गरी निकासा खर्च लेख्नुपर्नेमा पालिकाले यस बर्ष शिक्षकको पारीश्रमिकमा रु.१३१६६५८०५।-खर्च गरेकोमा तलवी प्रतिवेदन पारित गरेको छैन । यसरी तलवीप्रतिवेदन पारीत नगरी गरेको खर्च यथार्थपरक छ भन्न सकिएन । अतः तत्सम्वन्धमा सुधार हुनपर्ने देखिन्छ ।

## ६८ प्रधानमन्त्री रोजगार कार्यक्रम

६८.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा नहर निर्माण, सडक मर्मत, पर्खाल निर्माण, खेल मैदान निर्माण लगायतका ३५ वटा कार्यक्रम सञ्चालन गरी ३५१ जनालाई र औषतमा ५० दिन मात्र रोजगारी उपलव्ध गराई श्रमिक ज्यालामा रु.१०१२६३५०।- खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा सो वेगर देहायका वडाहरुमा उल्लेखित योजनाहरु सम्पन्न गरेको जनाएको छ । वेरोजगार पहिचान तथा सोको सूचि तयार गरी कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगारी व्यक्तिहरुलाई पर्याप्त रोजगार सृजना गर्दै दिगो र उच्च प्रतिफल प्राप्त हुने योजनामा कार्यक्रम केन्द्रित हुनु पर्दछ ।

| क्र.स. | वडा नं. | योजनाको नाम | योजना संख्या | रोजगारीमा संलग्न संख्या |
|---|---|---|---|---|
| १ | वडा नं. १ | सिंढि निर्माण, बाटो मर्मत तथा सरसफाई | ५ | ६७ जना |
| २ | वडा नं. २ | तटवन्ध निर्माण, बाटो मर्मत तथा नाली व्यवस्थापन | ३ | ३० जना |
| ३ | वडा नं. ३ | वडा कार्यालय कम्पाउण्ड निर्माण, बाटो मर्मत तथा नाली व्यवस्थापन | ५ | ५४ जना |
| ४ | वडा नं. ४ | ट्रस्ट निर्माण, बाटो मर्मत तथा सरसफाई | ३ | ३० जना |

| | | | | |
|---|---|---|---|---|
| ५ | वडा नं. ५ | खानेपानी निर्माण, बाटो मर्मत तथा नाली व्यवस्थापन | ८ | ५४ जना |
| ६ | वडा नं. ६ | नाली निर्माण, बाटो मर्मत तथा पार्क सरसफाई | ३ | २८ जना |
| ७ | वडा नं. ७ | मलामी विश्रामस्थल निर्माण तथा नाली व्यवस्थापन | ५ | ५४ जना |
| ८ | वडा नं. ८ | विद्यालय मर्मत, बाटो मर्मत तथा खा.पा मुहान सरसफाई | ३ | ३४ जना |
| **जम्मा** | | | **३५** | **३५१ जना** |

सैद्धान्तिक बेरुजु

६८.२ निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि विषेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा रोजगारदाताले दुर्घटना विमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्वन्धित गाउँपालिका तथा नगर कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्वन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्यवन गरेको नपाईएकोले तत्सम्वन्धमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६८.३ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानिय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानिय तहको वजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानिय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि वेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६९ **वन पैदावार आय असूल नभएकोः**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ -ख_ मा आफ्नो क्षेत्रभित्रको सामुदायीक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्वन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्वन्धित स्थानीयतहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालीकामा आफ्नो क्षेत्राधिकार भित्रको वन पैदावरको आम्दानी संचित कोषमा दाखिला भएको देखिएन। अतः पालीकाले आफ्नो क्षेत्राधिकार भित्रको सामुदायीक वन उपभोक्ता समितिले गरेको वन पैदावरको विक्रिको तथ्याङ्क डिभिजन वन कार्यालयबाट लिई वन पैदावरको विक्री वापत प्राप्त गरेको रकम यकिन गरी असूल गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ ।

## ७० लेन्थ वर्कर पारिश्रमिक

सडक किनाराको मर्मत सम्भार, सडकमा उम्रेका घाँस सफा गर्ने, सडक किनाराको ढलको सफाई, कल्भर्ट सफाई, ढललाई सामान्य रुपमा फेरबदल गर्ने, पुलको सफाई, सडक बडार्ने,सामान्य खालको पहिरो वा भूस्खलन हटाउने, सडकमा रहेका रोड फर्निचर सफाई गर्ने उद्देश्यले वर्षायाम र सुख्खा यामको लागि फरक जनशक्ती प्रयोग हुनेगरी जनशक्ति लाग्ने नर्म्स मन्त्रिपरिषदबाट २०६२/०९/०७ मा स्वीकृत गरी लेन्थवर्कर राखि नियमित संभारको कार्य हुदै आएको छ ।स्वीकृत नर्म्स अनुसार पहाडी कालोपत्रे सडकको नियमित मर्मत सम्भार कार्यको लागि प्रति ३ किलोमीटरका लागि वर्षायाम (आषाढ, श्रावण, भाद्र र आश्विन) ०.१७ जना सुपरभाईजर र २.५ लेन्थवर्कर लाग्ने र सुख्खायाम (८ महिना) का लागि ०.१७ जना सुपरभाईजर र १ जना लेन्थवर्कर राख्नुपर्ने देखिन्छ ।पालिकाले यस वर्ष देहाय बमोजिम मितिमा लेन्थ वर्करहरुको पारिश्रमिक वापत रु.१३,२८,८३१।-भुक्तानी गरेकोमा सो लेन्थ वर्करहरुले कुन समयमा कति किलोमिटर सडकमा कति काम गरे वापत भुक्तानी भएको भन्ने सम्बन्धमा यकिन सकिएन । तसर्थ पालिकाले लेन्थ वर्करको कामको विवरणको रेकर्ड अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

| सि.नं. | मिति | भौ. नं. | विवरण | रकम |
|---|---|---|---|---|
| १ | १३/०६/२०७९ | ७० | लेन्थ वर्करहरुकोपारिश्रमिक बापतको रकम भुक्तानी | ७,०५,६७१.०० |
| २ | १४/०८/२०७९ | १२७ | लेन्थवर्करकोज्याला बापतको रकम भुक्तानी | १,२०,०१६.०० |
| ३ | १३/०९/२०७९ | १९० | वडा न२ को लेन्थवर्करको असोज र कार्तिक महिनाको लेन्थवर्को ज्याला बापतको रकमभुक्तानी | १,००,९७५.०० |
| ४ | १३/१०/२०७९ | २४० | वडा न८ का लेन्थवर्कर नोख बहादुर वि.क. , वेद बहादुर पाठक र खुमेन्द्र दर्जीको ज्यालाबापतको रकम नियुक्ती पत्र वडाको सिफारिस बमोजिम भुक्तानी | १०,९६३.०० |
| ५ | २०/१०/२०७९ | २५५ | वडा न८ का लेन्थवर्करको ज्याला बापतको रकम भुक्तानी | २४,८११.०० |
| ६ | २१/०३/२०८० | ५५४ | वडा न५ का लेन्थवर्करहरुको ज्याला बापतको रकम सम्झौता डोर हाजिरी फारम अनुगमनमुल्याङ्कन प्रतिवेदन वडा समितिको निर्णय वडाको सिफारिस बमोजिम भुक्तानी | ९९,८२१.०० |
| ७ | २४/०३/२०८० | ६०८ | वडा न८ को लेन्थवर्करहरुको पारिश्रमिक बापतको रकम भुक्तानी | १,९३,८७२.०० |
| ८ | २४/०३/२०८० | ६२२ | वडाणं ६ का लेन्थ वर्कर को ज्याला वापतको रकम भुक्तानी | ७२,७०२.०० |
| जम्मा | | | | १३,२८,८३१.०० |

| सैद्धान्तिक बेरुजु |
|---|

७१ **अध्ययन अवलोकन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले जनप्रतिनिधि र कर्मचारी अध्ययन अवलोकन भ्रमण कार्यक्रम अन्तर्गत निम्नानुसारको मितिमा अवलोकन भ्रमण खर्च वापत रु. १४८१९५३।- भुक्तानी गरेको छ । सो रकम पालिकाको आन्तरिक आय (४२९६१८९।-) को ३४ प्रतिशत हुने भएकोले कार्यक्रम मितव्ययी देखिएन । यसरी एक पटकमा २९ र ४७ पदाधिकारी र कर्मचारीको ७/७ दिनको अवलोकन भ्रमण कार्यक्रमले कार्यालयमा सो अनुपातका कर्मचारीहरूको अनुपस्थितिमा कार्यालयको दैनिक काम कारवाहीमा बाधा नपुगेको भन्ने कुराको सुनिश्चित गर्न सकिएन । तसर्थ पालिकाले रोजगारी सिर्जना हुने उत्पादनशील क्षेत्रको खर्चलाई थप प्रभावकारी बनाई आन्तरिक श्रोत र क्षमताका आधारमा चालु खर्चमा मितव्ययीता कायमा गर्नुपर्दछ ।

| **गो.भौ.नं.।मिति** | **श्रोत** | **व्यहोरा** | **जना** | **दिन** | **रकम** |
|---|---|---|---|---|---|
| ५६९।२०८०।०३।२२ | राजस्व बाँडफाँड | पर्यटन तथा कृषि क्षेत्रको अध्ययन अवलोकन भ्रमण | ४७ | ७ | ८५४२५८ |
| ५६९।२०७०।०३।२० | राजस्व बाँडफाँड | पर्यटन तथा कृषि क्षेत्रको अध्ययन अवलोकन भ्रमण | २९ | ७ | ६२७६९५ |
| **जम्मा** | | | | | **१४८१९५३** |

| सैद्धान्तिक बेरुजु |
|---|

७२ **प्रमाण पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९, ५६ र ५७ तथा नेपाल सरकारको लेखा निर्देशिका, २०७३ बमोजिम प्रमाणित पुष्टायाईको तथा खर्चको बिल भरपाइको आधारमा लेखा राखु पर्ने व्यवस्था रहेको छ। यस पालिकाले प्रदेश पूँजीगत बजेट उप शीर्षकबाट श्री खड्क आधारभूत विद्यालयको चकडस्टर रहित कक्षाकोठा निर्माण कार्यक्रम अन्तर्गत स्मार्ट बोर्ड खरिद वापत रु. २,८५,०००।— भुक्तानी गरेको छ । विद्यालयले खरिद गरेका स्मार्ट बोर्ड तोकिएको स्पेटीफिकेशन बमोजिम प्राप्त भए नभएको सम्बन्धमा प्राविधिक प्रतिवेदन (Post Delivery Inspection -PDI) पेश गरेको प्रभाव देखिएन । यसबाट तोकिएको लक्ष्य तथा उद्देश्य हासिल भएको र तोकिएको स्पेशिफिकेशन बमोजिमकै सामग्री खरिद गरेको यकिन हुन नसकेकोले प्राविधिक प्रतिवेदन समेत जडान गरेको प्रमाण पेश हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | २,८५,००० |
|---|---|

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थानः मालिका गाउँपालिका, गुल्मी , मालिका गाउँपालिका , गुल्मी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | विकास खनाल | २०७९-१०-१८ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | चन्द्रकान्त भण्डारी | २०७८-१२-११ | २०७९-१०-२१ |
| लेखा प्रमुख | राम कुमार के.सी | २०७७-९-११ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३३४,२११.०१ | ६,५४३,९५४ | ५,९५२,३५९ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १२,८३०,५२४.०१ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ३,९४४,९५३.०१ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ८,८८५,५७१ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ४३२८३०३० | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४१५०१७००० | **चालु खर्च** | ३५००७३००५ |
| **प्रदेश सरकारबाट अनुदान** | ३३६५९८६९ | **पूँजीगत खर्च** | १८०७२७०९५ |
| **राजश्व बाँडफाँट** | ७२८३६६२७ | **वित्तीय/अन्य व्यवस्था** | १२६३२०६६६ |
| **आन्तरिक आय** | ४९३३६१०.० | | |
| **अन्य आय** | १२०३२२४६४ | | |
| **कुल आय** | ६४६७६९५७० | **कुल खर्च** | ६५७१२०७६६ |

| | |
|---|---|
| **बाँकी मौज्दात** | ३२९३१८३४ |

**बेरूजु दफा २.२ सँग सम्बन्धित विवरण-अनुसूची-३**

**एकिकृत वित्तीय विवरण -**

| आ.व. २०७९/८० को एकिकृत वित्तीय विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सिन | आय तर्फ | | | सिन | व्यय तर्फ | | |
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत बर्षको जिम्मेवारी | ० | ३६४२५२६७ | १ | चालु खर्च | ३४३१७७७५२ | ५३०८००१०० |
| | (क) नगद | ० | | २ | पुजीगत खर्च | १८०७२७०९५ | |
| | (ख) बैक | ३६४२५२६७ | | ३ | विपत ब्यवस्थापन खर्च | ११६१८१७ | |
| | | ० | | ४ | मर्मत सम्भार कोष खर्च | १५३३०१४ | |
| २ | राजस्व ( आन्तरिक आय) | ० | ७७७७०२३७ | ५ | विविध खर्च खाता/कोष खर्च | ४२००४२२ | |
| | (क) आन्तरिक राजस्व | ३६८१८४९ | | | ख) ब्याज भुक्तानी | ० | |
| | (ख) सघीय राजस्व बाडफाड | ६७५४७३६५ | | | ग) अन्य भुक्तानी | ० | |
| | ( ग) प्रदेश सरकार राजस्व बाडफाड | ५२८९२६२ | | ६ | लगानी | ० | |
| | (घ) अन्य आय ( मालपोतबाट प्राप्त रा बा रकम) | ३५७८६१ | | | क) ऋण लगानी | ० | |
| | ङ) दहत्तर बहत्तर बापत प्राप्त आय | ८९३९०० | | | ख) ब्याज लगानी | ० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | वित्तीय हस्तान्तरण(सघ) | ० | | | ग) अन्य लगानी | ० | |
| | क) वित्तिय समानीकरण अनुदान | ९५२७५००० | ४१५०१७००० | | | ० | |
| | ख) शशर्त अनुदान | ३००७४२००० | | | | ० | |
| | ग) समपुरक अनुदान | ९०००००० | | | | ० | |
| | घ) विशेष अनुदान | १००००००० | | | | ० | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | ० | ३३६५९८६९ | | | ० | |
| | क) वित्तिय समानीकरण अनुदान | ५४७०००० | | | | ० | |
| | ख) शशर्त अनुदान | १०५००००० | | | | ० | |
| | ग) समपुरक अनुदान | १०६८९८६९ | | | | ० | |
| | घ) विशेष अनुदान | ७०००००० | | | | ० | |
| ५ | सघीय सरकारबाट प्राप्त अन्तरसरकारी अख्तियारी | ० | | ७ | सघीय सरकारबाट प्राप्त अन्तरसरकारी अख्तियारी | ० | |
| | क) सामाजिक सुरक्षा तथा संरक्षण | ९२५७८१९६ | ९२५७८१९६ | | क) सामाजिक | ९२५४९४५९ | ९२५४९४५९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | सुरक्षा तथा संरक्षण | | |
| | ख) गरिबसँग विश्वेश्वर कार्यक्रम | ४१४५०० | ४१४५०० | | ख) गरिबसँग विश्वेश्वर कार्यक्रम | ४१४५०० | ४१४५०० |
| | ग) प्रशासकीय पुर्वाधार विकास कार्यक्रम | ७०००००० | ७०००००० | | ग) प्रशासकीय पुर्वाधार विकास कार्यक्रम | ७०००००० | ७०००००० |
| ६ | प्रदेश सरकारबाट प्राप्त अन्तरसरकारी अख्तियारी | १४८४९०२ | १४८४९०२ | ८ | प्रदेश सरकारबाट प्राप्त अन्तरसरकारी अख्तियारी | १४८४९०२ | १४८४९०२ |
| | | ० | | ९ | धरौटी फिर्ता | ३२९०५६६ | ३२९०५६६ |
| ७ | धरौटी आय | ० | १२३४८१८९ | १० | अनुदान फिर्ता | ० | २१२२३६७९ |
| | क) गत बर्षको जिम्मेवारी | ६१६८५७९ | | | क) सामाजिक सुरक्षा फिर्ता | २८७३७ | |
| | ख) यस बर्षको आम्दानी | ६१७९६१० | | | ख) सघमा फिर्ता | १९५७५४७४ | |
| ८ | विपत ब्यवस्थापन कोष खाता | ० | १५८९१८४ | | ग) प्रदेशमा फिर्ता | १६१९४६८ | |
| | क) गत बर्षको जिम्मेवारी | ६८९१८४ | | ११ | दहत्तर बहत्तर बापत प्रदेशमा फिर्ता | ३५७५६० | ३५७५६० |
| | ख) यस बर्षको आम्दानी | ९००००० | | १२ | विपत ब्यवस्थापन कोष मौज्दात | ४२७३६७ | ४२७३६७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | मर्मत सम्भार कोष | ० | ५२५२४०२ | १३ | मर्मत सम्भार कोष मौज्दात | ३७१९३८८ | ३७१९३८८ |
| | क) यस बर्षको आम्दानी | ५२५२४०२ | | | | ० | |
| १० | विविध खर्च खाता/कोष | ० | ४७६१३६४ | १४ | विविध खर्च खाता/कोष मौज्दात | ५६०९४२ | ५६०९४२ |
| | क) यस बर्षको आम्दानी | ४७६१३६४ | | | | ० | |
| | | ० | ० | १५ | धरौटी मौज्दात | ९०५७६२३ | ९०५७६२३ |
| ११ | अन्य विविध आय (जानकारी विना दाखिला तथा अन्य आय) | १७५१४९० | १७५१४९० | १६ | बैक मौज्दात | १९१६६५१४ | १९१६६५१४ |
| १२ | कुल आम्दानी | ६९००५२६०० | | १७ | कुल जम्मा खर्च/मौज्दात | ६९००५२६०० | |
| | कुल जम्मा | | ६९००५२६०० | | | | ६९००५२६०० |

**सुत्रको वित्तीय विवरण -**

| सुत्रको आ. वि. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्रासि/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्रासि/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्रासी (क+ख) | | ६०,९६,६४,८६१.५० | ५०,९३,७५,२३५.१० | | ५०,९३,७५,२३५.१० | ४८,२८,०५,६९६.३९ | | ४८,२८,०५,६९६.३९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५९,८०,६१,९११.०० | ४८,८१,९०,३२४.१० | ० | ४८,८१,९०,३२४.१० | ४८,००,८४,८४८.३९ | ० | ४८,००,८४,८४८.३९ |
| ११००० कर | ११ | ९,२३,५६,०००.०० | ७,३०,६१,३११.५७ | ० | ७,३०,६१,३११.५७ | ६,९८,४३,१८८.४२ | ० | ६,९८,४३,१८८.४२ |
| १३००० अनुदान | | ४६,०८,६७,०००.०० | ४०,५४,८६,११२.४७ | ० | ४०,५४,८६,११२.४७ | ४०,६८,१८,२३३.९७ | ० | ४०,६८,१८,२३३.९७ |
| संघीय सरकार | १२ | ४२,२८,९७,०००.०० | ३७,६३,३२,७६७.४७ | ० | ३७,६३,३२,७६७.४७ | ३७,७७,६८,७७९.०२ | ० | ३७,७७,६८,७७९.०२ |
| प्रदेश सरकार | १२ | ३,७९,७०,०००.०० | २,९१,५३,३४५.०० | ० | २,९१,५३,३४५.०० | २,९०,४९,४५४.९५ | ० | २,९०,४९,४५४.९५ |
| १४००० अन्य राजस्व | | १,३४,१३,७२३.०० | ९६,४२,९००.०६ | ० | ९६,४२,९००.०६ | ३४,२३,४२६.०० | ० | ३४,२३,४२६.०० |
| ३२००० वित्तीय सम्पत्ति | | ३,१४,२५,१८८.०० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १,१६,०२,९५०.५० | २,११,८४,९११.०० | | २,११,८४,९११.०० | २७,२०,८४८.०० | | २७,२०,८४८.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १,१६,०२,९५०.५० | ९६,३२,८२४.०० | ० | ९६,३२,८२४.०० | ० | ० | ० |
| धरौटी | | ० | १,१५,५२,०८७.०० | ० | १,१५,५२,०८७.०० | २७,२०,८४८.०० | ० | २७,२०,८४८.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| भुक्तानी (ग+घ) | | ६०,९६,६४,८६१.५० | ५३,३८,१४,५६७.६५ | | ५३,३८,१४,५६७.६५ | ४७,०४,९२,७१५.९५ | | ४७,०४,९२,७१५.९५ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५९,८०,६१,९११.०० | ५२,३९,०४,८४६.६५ | | ५२,३९,०४,८४६.६५ | ४६,५७,४६,७८५.९५ | | ४६,५७,४६,७८५.९५ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २०,५३,६६,०००.०० | १९,४२,८५,३८७.०० | ० | १९,४२,८५,३८७.०० | २३,१९,१४,४६८.५२ | ० | २३,१९,१४,४६८.५२ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ८,००,१३,९२०.०० | ६,२७,९७,३६३.९६ | ० | ६,२७,९७,३६३.९६ | ५,३२,१६,७१४.१६ | ० | ५,३२,१६,७१४.१६ |
| २५००० सहायता (Subsidy) | १८ | ८,७९,७०,०००.०० | ७,८१,४१,३३५.०० | ० | ७,८१,४१,३३५.०० | २,६५,४९,१९१.६० | ० | २,६५,४९,१९१.६० |
| २७००० सामाजिक सुरक्षा | १८ | ५३,२६,५०६.०० | ४९,०६,०००.८० | ० | ४९,०६,०००.८० | ७०,१९,९९८.०० | ० | ७०,१९,९९८.०० |
| २८००० अन्य खर्च | १८ | ३३,३४,३८५.०० | ३०,४७,६६५.०० | ० | ३०,४७,६६५.०० | ५३,६२,७६१.३३ | ० | ५३,६२,७६१.३३ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २१,६०,५१,१००.०० | १८,०७,२७,०९४.८९ | ० | १८,०७,२७,०९४.८९ | १४,१६,८३,६५२.३४ | ० | १४,१६,८३,६५२.३४ |
| घ. अन्य भूक्तानी | | १,१६,०२,९५०.५० | ९९,०९,७२१.०० | | ९९,०९,७२१.०० | ४७,०४,९२,७१५.९५ | | ४७,०४,९२,७१५.९५ |
| कोषहरु | | १,१६,०२,९५०.५० | ६८,९५,२५३.०० | ० | ६८,९५,२५३.०० | २०,२५,०८२.०० | ० | २०,२५,०८२.०० |
| धरौटी | | ० | ३०,४१,३३४.०० | ० | ३०,४१,३३४.०० | २७,२०,८४८.०० | ० | २७,२०,८४८.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -२६,८६६.०० | | -२६,८६६.०० | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | (२,४४,३९,३३२.५५) | | (२,४४,३९,३३२.५५) | १,२३,१२,९८०.४४ | | १,२३,१२,९८०.४४ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ३,८९,४२,२६३.५० | | ३,८९,४२,२६३.५० | १,५५,९२,५३६.०० | | १,५५,९२,५३६.०० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | १,४५,०२,९३०.९५ | | १,४५,०२,९३०.९५ | २,७९,०५,५१६.४४ | | २,७९,०५,५१६.४४ |
| बैंक तथा नगद बाकी | २४ | | ३,२९,३१,८३५.१५ | | ३,२९,३१,८३५.१५ | २,९०,९०,१३१.४४ | | २,९०,९०,१३१.४४ |